जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३३२ • २०८१ साल बैशाख १८ गते मंगलबार (30 April, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### राखेपले गुठीलाई पठाएको पत्र फिर्ता लिन सहमत
## रंगशाला निर्माणमा उप-महानगर सक्रिय

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय अन्तर ाष्ट्रिय रंगशाला निर्माणस्थलको जग्गासम्बन्धी सम्झौता भंग गर्ने निर्णय राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले फिर्ता लिन तयार भएको छ।



जनकपुरधामउपमहानगरपालिकाका मेयर मनोजकुमार साह र राखेपका सदस्य सचिव टंकलाल घिसिङबीच भएको वार्तामा गुठी संस्थान केन्द्रीय कार्यालयसँग सम्झौता भंग गर्न पठाएको पत्र फिर्ता लिइ रंगशाला निर्माण कार्य जारी राख्ने राखेपले जनाएको छ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर साहले गुठी संस्थानसँग सम्झौता भंग गर्ने निर्णय राखेपले एक साताभित्र फिर्ता लिने सहमति भएको जनाएका छन्। मेयर साहले भने-'राखेपले सम्झौता भंग गर्ने निर्णय फिर्ता लिन तयार भएको छ, एक साताभित्र उहाँहरूले गुठी संस्थानलाई पुनः पत्र पठाउनु हुनेछ।'

राखेपले गुठी संस्थानसँग सम्झौता भंग गर्ने निर्णय गरेको विषय सार्वजनिक भएपछि मेयर साहले सक्रियता बढाएका छन्।

काठमाण्डु पुगेर उनले युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, राखेपाका सदस्य सचिवसमेतलाई भेटेर सम्झौता भंग गर्ने निर्णय फिर्ता लिइ रंगशाला निर्माणलाई निरन्तरता दिन अनुरोध गरेका थिए। राखेपले गुठी संस्थानलाई पठाएको पत्रमा रंगशालाको लागि लिइएको लिज तत्कालका लागि भंग गर्ने भनिएको तर हामीले उत्सुकता देखाउँदा राखेपले पत्र फिर्ता लिन तयार भएको मेयर साहले बताए।

निरन्तरको प्रयासपछि आफ्नो प्राथमिकतामा रहेको रंगशाला निर्माणका लागि आएका समस्या समाधान भएको उनको दाबी छ।

रंगशाला निर्माणका लागि गुठी संस्थानसँग लिजमा लिइएको जग्गासम्बन्धी सम्झौता राखेपले भंग गर्ने निर्णय गरेको थियो। गुठी संस्थान अधिनस्त जनकपुरधाम-१४ स्थित करिब १७ बिघा जग्गा राखेपले रंगशाला निर्माणका लागि वार्षिक ९ लाख रुपैयाँ भाडा तिर्नेगरी गुठी संस्थान केन्द्रीय कार्यालयसँग २०७४ मंसिर १ मा सम्झौता गरेको थियो।

तर, रंगशालाको पूर्वाधार निर्माणका लागि संघीय सरकारले चासो नदिएको भन्दै राखेपले गत वर्ष पुस ३ गते सम्झौता भंग गर्न एकपक्षीय रूपमा गुठी संस्थानलाई पत्राचार गरेको थियो।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधाम भ्रमणका क्रममा घोषणा गरेको एक सय करोड रूपैयाँको सहयोग समेत रंगशाला निर्माणका लागि खर्च गर्ने योजना बनाइएको छ। रंगशालामा स्थानीय र प्रदेश सरकारले समेत चासो देखाएका कारण दुवैले संघीय सरकार संग समन्वय गरेर ती एक करोड रुपैयाँ र आगामी बजेटमा समेत बजेट ल्याउने तयारी थालिएको मेयर साहले बताए।

### प्रहरीको मस्टवान्टेड पासवान पक्राउ
## भारतीय प्रहरीले पक्राउ गरी नेपाली प्रहरीलाई बुझाएको आरोप

**अनिल तिवारी**

वीरगञ्ज। पर्सा प्रहरीले भारतीय अपराधी बब्लु पासवानलाई आइतबार राती पक्राउ गरेको छ। नेपाल प्रहरीको मस्टवान्टेड सूचीमा रहेका पासवानलाई आइतवार राति ११ बजे पक्राउ गरिएको पर्सा प्रहरीले जनाएको छ।

लगभग डेढ बर्ष अघि काठमाण्डुको गोठाटार हत्याकाण्डका मुख्य योजनाकार पासवान नेपाल प्रहरीको उच्च खोजी लिष्टमा थिए। पक्राउ परेका ४५ वर्षीय बब्लु पासवान भन्ने गणेश पासवान करिब एक दशकदेखि सीमावर्ती क्षेत्रमा आपराधिक गतिविधिका साथै भारतको रक्सौलमा लागू पदार्थको कारोवार गर्दै आएका थिए।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटेको प्रहरी टोली आइतबार राति ११ बजेतिर वीरगञ्ज-१६ स्थित भुटनदेवी मन्दिर नजिक पुग्दा पासवानसंग जम्काभेट भएको पर्सा प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रबक्ता नायब उपरीक्षक बिक्रम थापाका अनुसार भारतीय नम्बर प्लेटको मोटरसाइकलमा सवार पासवान प्रहरीलाई देखेने बितिकै भाग्न खोज्दा



नियन्त्रणमा लिन दुई राउण्ड गोली प्रहार गरिएको थियो।

प्रहरीले चलाएको गोली पासवानको देब्रे खुट्टाको घुडाँमुनि लागेर घाइते भइ लडेपछि उनलाई नियन्त्रणमा लिएर उपचारको लागि नारायणी अस्पतालमा भर्ना गरिएको प्रहरी नायव उपरीक्षक थापाले बताए।

यता पासवानकी श्रीमती बेबी कुमारीले आफ्नो श्रीमानलाई भारतीय प्रहरीले अपहरण गरी नेपाल प्रहरीलाई सुपुर्द गरेको आरोप लगाएकी छन्। उनले सीमावर्ती रक्सौल, हरैया थानाका प्रमुख अनुज कुमारले शुक्रबार साँझदेखि आफ्ना श्रीमान्लाई गायब गरेको आरोप लगाउदै स्थानीय थानामा निवेदन दिएकी थिइन। उनले आफ्ना श्रीमान् पासवानलाई गत शुक्रबार हरैया थानाध्यक्ष (ईन्चार्ज) अनुज कुमार सिंहले फोन गरेर थानामा बोलाएको र सोहीदिन देखि पासवान गायब भएको बताउँदै आएकी थिइन्। प्रहरीले पासवानलाई वीरगञ्ज-१६ स्थित भुटनदेवी मन्दिर क्षेत्रबाट आइतबार राति गोली हानेर पक्राउ गरेको बताए पनि उनलाई भारत रक्सौलको हरैया क्षेत्रबाट भारतीय प्रहरीको सहयोगमा नेपालबाट गएको प्रहरी टोलीले गत शुक्रबार नै नियन्त्रणमा लिएर वीरगञ्ज ल्याएको पासवानको परिवारजनको आरोप छ।

२०७९ असोज ३ गते काठमाण्डुको गोठाटारमा सर्लाही मंलगवाका महमद दर्जी भन्ने लाल महम्मदलाई गोली हानी हत्या गरिएको थियो। उक्त हत्याकाण्डका मुख्य योजनाकार पासवान रहेको नेपाल प्रहरीको ठहर छ। पाकिस्तानको खुफिया संस्था आइएसआईको आतंकबादी संगठन लश्करे तोयबाको निगरानीमा विभिन्न आपराधिक गतिविधिहरु गर्दै आएका लालमहमदलाई रक्सौलबाट गएका आपराधिक टोलीले गोली हानी हत्या गरेको थियो। उक्त हत्याकाण्डपछि फरार रहेका पासवान प्रहरीसंगै पाकिस्तानी गुप्तचर संस्था आइएसआईको मोस्ट वान्टेड सूचीमा रहेको भारतीय संचार माध्यमहरुले जनाएको छ।

पक्राउ गरेका पासवानसंगै घटनास्थलबाट मेड ईन यूएस लेखिएको स्वचालित पेस्तोल १ थान, त्यसमा लाग्ने गोली दुई राउण्ड, खैरो हेरोइन ४९ ग्राम, गाँजा ८८० ग्राम र बीआर ०५ एएल ६१३९ नम्बरको मोटरसाइकल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।



# दाइजोको नाममा छोरीको हत्या न्यायका लागि गुहार्दै पीडित परिवार

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीको बरहथवामा छोरीको हत्या गरिदिएको भन्दै न्यायका लागि करिब एक महिना अघिदेखि भौंतारिदासमेत प्रहरीले बेवास्ता गरेको आरोप लगाएका छन् ।



इलाका प्रहरी कार्यालय बरहथवा सर्लाहीमा पेश गरेको जाहेरी दर्ता नगरी जनप्रतिनिधिले समेत वास्ता नगरेको भन्दै राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशमा उजुरी दिएका छन् ।

विवाह भएको वर्ष दिन नबित्दै थप दाइजो माग्दै २२ वर्षीया छोरी गीता कुमारीलाई ससुरालीमा यातना दिई कुटपिट गर्ने गरेको र पछि हत्या नै गरिदिएको भन्दै उनकी आमा राजवति सहनीले बताइन् ।

जिल्लाको बरहथवा नगरपालिका- १५ स्थित ससुराली घरमा गीतालाई कुटपिट गरी पासो लगाई आत्महत्या गरेको जस्तो देखाएर हत्या गरेको मृतककी आमा राजवति सहनीको दाबी छ।

छोरी गीताको श्रीमान गुड्डु सहनी, उनका बुवा हरिन्द्र सहनी र उनका आमा रमतिया देवीले माइतबाट दाइजो ल्याउन भन्दै दबाब दिँदै आएको र माइतबाट दाइजो पाउने सम्भावना नदेखे पछि उनीहरुले मिलेर हत्या गरेको उनको आरोप छ ।

सो घटना सम्बन्धी जाहेरी इप्रका र जिल्ला प्रहरी कार्यालय सर्लाहीमा दिँदा जाहेरी लिन इन्कार गरेको भन्दै राजवतिले मुद्दा दर्ताका लागि हारगुहार गर्दासमेत बेवास्ता गर्दै आए पछि मधेश प्रदेश प्रहरी कार्यालयमा समेत घटनाबारे जानकारी गराएको पीडित परिवारजनले बताए ।

बरहथवा- १५ स्थित रहेको आरोपितको घरको कोठामा रातो रंगको सलले घाँटीमा पासो लगाई वितेको चैत १० गते हत्या भएको थियो । माहिली छोरी गीताको माँगी विवाह गुड्डु सहनीसँग २०८० जेठमा पाँच लाख रुपैयाँ दहेज दिई हिन्दु सामाजिक रितिरिवाज विधि र परम्परा अनुसार भएको थियो । विवाह भएको केही दिनमै तिमी आफ्नो आमाबाबुसँग दाइजो मागेर ल्याउ भन्दा छोरीले नमाने पछि उनीहरुले योजनावद्ध तवरले कुटपिट गर्दै हत्या गरेको मृतककी आमा राजवतिले भनिन् ।

गीताको मुखमा रातो रंगको सलले घाँटीमा पासो लगाइ चेत १० गतेका राति अन्दाजी १२ बजेको समयमा आत्महत्या गरेको कुरा सम्धी हरिन्द्रले मोवाइलबाट फोन गरी जानकारी गराएको उनले भनिन् ।

गीताको बुवा दीपलाल सहनीले भने, 'छोरीले लगाएको पासो हेर्दा शरीरबाट रगत बगेको रगतको छिटा लुगा र घाँटीमा देखिएको थियो । भने सोही दिन तत्कालै दाहसंस्कार गरिदिएपछि हत्या गरेको हुन सक्ने स्पष्ट भएको छ ।'

उनले छोरी गीतालाई विभिन्न किसिमको घरेलु हिंसा तथा मानसिक शारिरीक पिडा दिँदै आएको बताउँदै उनले सम्बन्ध विच्छेदका लागि पनि दबाब दिँदै आएको बताए ।

यता सो घटनाबारे चासो लिँदै कारबाही प्रक्रिया अघि बढाउने राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशले जनाएको छ ।

# चुरे संरक्षणको मागसहित पद यात्रा सुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियानले विभिन्न ११ बुंदे माग अगाडि सार्दै पुनः पद यात्रा सुरु गरेको छ।

तीनै तहका सरकार मागप्रति गम्भीर नभएकोले वैशाख १६ गते देखि सप्तरी जिल्लाको भारदह देखि वाराको पथलैया र चितवनको नारायणघाट हुदै काठमाण्डु सम्मको पैदल यात्रा सुरु गरेको अभियानका राष्ट्रिय अध्यक्ष सुनिल कुमार यादवले जानकारी दिएका छन् । सोमबार सप्तरीबाट यात्रा प्रारम्भ गर्दै अभियन्ता यादवले यात्राको क्रममा कुनै प्रकारको अप्रिय घटना भएमा तीनै तहका सरकार जिम्मेवार हुने चेतावनी समेत दिएका छन् ।

अध्यक्ष यादवले उठाएका ११ बुंदे माग अन्तर्गत संघीय सरकारद्वारा ल्याइएको ढुंगा, गिटी र बालुवा निकासी गर्ने विधेयक तत्काल खारेज गरी अतिक्रमणमा परेको चुरे वन क्षेत्रको जग्गा खाली गराएर वन क्षेत्रमा फर्काउनु पर्ने, भूमि आयोग गठन गरी दलित भूमिहीन तथा सुकुम्वासीहरुलाई भूमिको व्यवस्था गरी नेपाललाई भूमिहीन मुक्त राष्ट्र घोषणा गर्नुपर्ने माग गरिएको छ।

प्रदेश सरकार अन्तर्गतको वन प्रशासनलाई सेवा सुलभ तथा प्रभावकारी बनाउन वन प्रशासनको सुशासनका प्रत्याभूति आम नागरिकमा गराइ डिभिजन वन कार्यालयहरुमा हुने गरेको अनियमितता रोक्न दुईतीन वर्ष भन्दा बढी समयदेखि कार्यरत कर्मचारीहरुलाई सरुवा गर्नुपर्ने माग अगाडि सारिएको छ । त्यसैगरि चुरे क्षेत्र भित्रका नदी नालाहरुबाट अवैध निकासी हुने ढुंगा, गिटी, बालुवा र क्रसर उद्योग तत्काल वन्द गरी यस्ता कार्यहरुमा संलग्नमाथि कडा कारबाही गर्नुपर्ने तथा मधेशमा पानी रिचार्ज जोन र चुरे तथा वन क्षेत्र भएर वग्ने नदीहरुमा सम्भाव्यताको आधारमा ड्याम तथा पोखरीहरुको निर्माण गर्नुपर्ने माग गरिएको छ।

मधेशको वारा र पर्सा जिल्लामा बग्ने सिरसिया नदी लगायतका नदीहरुलाई प्रदूषण र अतिक्रमण गर्ने उद्योगीहरुलाई कानुनी दायरामा ल्याइ कारबाही गरी नदीलाई प्रदूषण र अतिक्रमण मुक्त बनाउनुपर्ने, ओम प्रकास भनिने दिलीप महतोलाई प्रथम पर्यावरण शहीद घोषणा र घरको सदस्यलाई जागिरको व्यवस्था मिलाउनुपर्ने माग गरिएको छ।

त्यस्तै डढेलो नियन्त्रण गरी खुल्ला चरिचरण बन्द गर्नुपर्ने, विभिन्न परियोजना तथा विकासको नाउमा चुरे तथा वन जंगल मास्ने कार्य बन्द गर्नुपर्ने र मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयद्वारा आर्थिक वर्ष ०७९/०८० को विभिन्न योजनामा भएको भ्रष्टाचार र आर्थिक वर्ष ०८०/०८१ मा वन तथा वातावरण मन्त्रालयद्वारा कर्मचारी सरुवामा भएको आर्थिक चलखेलको सत्य तथ्य छानबिन गर्नुपर्ने माग अगाडि बढाइएको छ । चुरे वन विनाशका कारण मधेश मरुभूमि भइरहेको हुँदा निजी वनको धनीहरुलाई चुरे तथा वन जंगल बचाउ कार्यक्रमहरुमा संलग्न राख्न र निजी वन धनीहरुलाई सरकारद्वारा गरिएको उपेक्षित कार्यक्रम व्यवस्थित गराउनुपर्ने र अभियान र प्रदेश सरकरा, संघ सरकार बीच भएको सम्झौता तथा प्रतिवद्धता कार्यान्वयन गर्नुपर्ने लगायतको माग अघि सारिएको छ।

चुरे तथा वनजंगल संरक्षण अभियान विभिन्न समयमा चुरे संरक्षण र सुकुम्वासीको मुद्दा लगायतको माग उठान गरी पटक पटक आन्दोलन गर्दै आएको छ। अभियान र सरकार बीच विभिन्न चरणमा सम्झौता पनि भएको तर कार्यान्वयनमा नआएको अभियानका संयोजक यादवको आरोप छ।

# नेपाल विश्वका लगानीकर्तालाई उदीयमान गन्तव्य : उपप्रधानमन्त्री श्रेष्ठ

**काठमाण्डु** । उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले लगानी सम्मेलनबाट नेपाल विश्वका लगानीकर्ताहरूका लागि उदीयमान गन्तव्यका रूपमा सन्देश प्रवाह भएको बताउनुभएको छ । तेस्रो नेपाल लगानी शिखर सम्मेलनको समापन सत्रमा सोमबार सम्बोधन गर्दै उहाँले लगानी प्रवर्द्धनका लागि नेपालसँग द्विपक्षीय लगानी सम्झौता टुङ्ग्याउन पनि मित्रराष्ट्रहरूलाई आग्रह गर्नुभयो । "हामीले सफलताका कथाहरूको प्रत्यक्ष कथा सुन्यौं । हामीले नेपालमा प्रगतिशील लगानी-मैत्री वातावरणको एक सिंहावलोकन प्रदान गर्न सक्दो प्रयास गरेका छौं ।



व्यापारिक घराना तथा सङ्घसंस्थाहरुबीच विभिन्न समझदारी र समझदारीपत्रमा हस्ताक्षर भएको छ," उहाँले भन्नुभयो, "त्यसैगरी, हामीले प्रस्तावमा रहेका विभिन्न परियोजना प्रदर्शन गरेका छौं र अर्थतन्त्रका विभिन्न क्षेत्रमा उपलब्ध लगानीको सम्भावना र अवसरका बारेमा चर्चा गरेका छौं । तीमध्ये सरकार र विपक्षी दलका नेताहरूबाट हामीले उच्च राजनीतिक आश्वासनहरू देखेका छौं ।"

यसैगरी, उपप्रधानमन्त्री श्रेष्ठले यी सबै प्रमाणले नेपाललाई लगानीको आकर्षक गन्तव्य बन्ने स्पष्ट सन्देश दिँदै सोही दिशातर्फ उन्मुख गरेको बताउनुभएको छ । उहाँका अनुसार हालका वर्षमा धेरैजसो राजनीतिक आकाङ्क्षाहरू पूरा गरिसकेपछि नेपालीको दीर्घकालीन विकास र समृद्धिको आकाङ्क्षालाई साकार पार्न उच्च आर्थिक वृद्धिको बाटोतर्फ सरकार अघि बढिरहेका छ । "तसर्थ आर्थिक विकास र समृद्धि देशको मुख्य ऐतिहासिक कार्य हो जसमा सरकार पूर्णरूपमा प्रतिबद्ध छ," उहाँले भन्नुभयो ।

नेपालले सन् २०२६ मा एलडिसीको स्थितिबाट स्तरोन्नति भई सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको दर्जा हासिल गर्ने लक्ष्यलाई पछ्याउँदै एसडिजीसहित अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्ध विकास लक्ष्यहरू हासिल गर्न प्रयासरत रहेकाले आर्थिक वृद्धि पनि महत्वपूर्ण हुनेमा उहाँको जोड छ ।

"हामीले उच्च लगानी आकर्षित गर्ने लक्ष्य राखे पनि, यस्तो लगानी लगानीकर्ता र साझेदारहरूका लागि पनि पारस्परिक रूपमा लाभदायक हुनुपर्छ भन्नेमा हामी सचेत छौं," उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "तसर्थ, हामी सम्पूर्ण व्यापार चक्रका लागि कुशल र प्रभावकारी सहजीकरणका साथसाथै लगानी, प्रतिफल र फिर्ताको अधिकतम सुरक्षा र सुरक्षा सुनिश्चित गर्दै हाम्रा लगानीकर्तालाई गतिशील लगानी परिदृश्य प्रदान गर्ने लक्ष्यका साथ काम गरिरहेका छौं ।"

सरकारले विभिन्न ऐन संशोधन गर्दै अध्यादेश जारी गरेको भन्दै उहाँले दुई साताअघि मात्रै मोडल फ्रेमवर्क द्विपक्षीय लगानी सम्झौता (बिआइए) लाई स्वीकृत गरी चासो दिने मुलुकसँग द्विपक्षीय लगानी सम्झौताको बाटो खुला गरेको स्पष्ट पार्नुभयो ।

"नेपाल इन्भेस्टमेन्ट समिटको यो तेस्रो एपिसोडले नेपाललाई विश्वका लगानीकर्ताका लागि उदीयमान गन्तव्यका रूपमा देखाउने मञ्च भएको मलाई विश्वास छ," उहाँले थप्नुभयो, "यो शिखर सम्मेलन नेपाललाई लगानीको प्रमुख गन्तव्यमा परिणत गर्ने सरकारको अटल प्रतिबद्धताको प्रमाण हो ।

" उहाँ असल मित्र र साझेदारहरूले नेपालमा लगानी बढाउन, हाम्रो पारस्परिक लाभका लागि हाम्रो सहयोगलाई अझ फराकिलो र गहिरो बनाउने हाम्रो प्रयासमा सहयोग गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।रासस

# एकल महिला एकजुट अभियान टोल टोलमा

**टुडे समाचारदाता**

राजविराज । कमाई गर्ने श्रीमान वितेपछि कष्टकर जीवन बिताइरहेकी एकल महिलाको उत्थानका लागि यहाँ स्थित एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्र सप्तरीले सशक्तिकरण अभियान चलाएको छ ।

अभियान अन्तर्गत वडा वडामा पुगि एकल महिलालाई संगठित बनाउने र त्यस पश्चात "एकल महिलामा पनि विशेष गरी ज्येष्ठ एकल महिलालाई घरव्यवहार चलाउन, खर्च जोहो गर्न र बालबालिकाको आवश्यक्ता पुरा गर्न समस्या छ, उनले भनिन- 'यस्ता महिलाहरुलाई संगठित गरी सशक्तीकरणको क्षेत्रमा संस्थाले सीपमूलक तालिम प्रदान गर्दै जीवन सहज बनाउने प्रयास गरेको छ ।"

"एकल महिलाका समस्या




उनीहरुलाई सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाउने प्रयास थालिएको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकाबाट सुरु भएको अभियान क्रमशः जिल्लाको १८ वटै पालिकामा पुऱ्याउने लक्ष्य रहेको एक महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्र सप्तरीकी प्रमुख जुही ठाकुरले बताइन ।

यसैक्रममा सोमवार हनुमाननगर कंकालिनी नगरपालिकाको वडा नम्बर २ जोगिनियाँ र वडा नम्बर १४ रम्पुरामल्हनियाँमा एक महिला वडा समिति गठन गरिएको छ। यस अघि सोही नगरपालिकाको वडा ५ र ६ मा पनि एकल महिला वडा समितिको गठन गरी आवश्यक सीपमूलक तालिम प्रदान गर्ने काम भइरहेको अध्यक्ष ठाकुरले बताइन ।

धेरै छन, उनले थपिन-' त्यसैलाई ध्यानमा राखेर हामी हरेक कार्यक्रममा एकल महिलालाई प्राथमिक्ता दिने गरेका छौं ।" वडास्तरबाटै संस्थाले थालेको गतिविधिले आफूलाई थोरै भए पनि राहत महसुस भएको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरामल्हनीयाकी ३० वर्षीया सावित्री देवी सदाले बताइन ।"

तीन वर्ष अघि श्रीमान गुमाएकी उनले भनिन-"घरमा कोही न भएपछि जीवन कष्टकर बनेको वेला केन्द्रले चलाएको अभियानमा सहभागी भएपछि आत्मबल बढेको छ ।"

श्रीमानको मृत्यु पछि बेरोजगार रहेका हामी जस्ता महिलालाई आर्थिक कठिनाइले सताएको बेला संस्थाले चलाएको अभियानले हौसला प्रदान गरेको उनको भनाइ छ ।

# 'मुलुकको आवश्यकताअनुसार १६औं योजनाको लक्ष्य निर्धारण गरिएको छ'

काठमाण्डु । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले मुलुकको आवश्यकतालाई पहिचान गरेर १६औं योजनाको लक्ष्य र कार्यक्रम निर्धारण गरिएको बताउनुभएको छ ।

लगानी सम्मेलनको सोमबार दोस्रो दिन आयोजित 'हार्नेसिङ ग्रीन फाइनान्स फर सस्टेनेबल इन्भेस्टमेन्ट' सत्रलाई सम्बोधन गर्दै उहाँले आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा रहेको ऊर्जा क्षेत्रको विकास र विस्तारमा उत्तिकै प्राथमिकता दिइएको बताउनुभयो । लगानीका विभिन्न सम्भाव्य क्षेत्रमध्ये ऊर्जा क्षेत्र सरकारको विशेष प्राथमिकतामा रहेको र सोहीअनुसारको कार्यक्रमसमेत तय गरिएको उहाँको कथन छ ।

लगानी विस्तार गर्नुपर्ने प्रमुख क्षेत्रका रुपमा कृषि रहेको र त्यसलाई आधुनिकीकरण गर्नु जरुरी रहेको उल्लेख गर्दै उहाँले आधुनिक खेती प्रणालीका लागि आवश्यक स्रोत र साधनको प्रबन्ध जरुरी रहेको बताउनुभयो ।वन क्षेत्रलाई बहुआयामिकरुपमा संरक्षण गर्ने र आर्थिकोपार्जनका लागि प्रयोग गर्ने सोचका साथ सरकारले कार्यक्रम तय गरेको जानकारी दिँदै उपाध्यक्ष डा श्रेष्ठले वनलाई समृद्धिको आधार बनाइएको तथ्य पेस गर्नुभयो ।

लगानीको क्षेत्रको चर्चा गर्ने क्रममा उपाध्यक्ष श्रेष्ठले खानेपानी क्षेत्र पनि उल्लेख गर्नुभयो। उहाँले नेपालको कञ्चन पानीमा लगानीका लागि विदेशी लगानीकर्तालाई आह्वान गर्नुभयो। हिमनदीको पानी प्रशोधन गरेर बिक्री गर्न सकिने जानकारी दिँदै उहाँले पानी पनि निर्यातयोग्य वस्तुकारुपमा हो भन्दै चर्चा गर्नुभयो।

वातावरण संरक्षणका क्षेत्रमा नेपालले गरेको प्रगतिका आधारमा ग्रीन फाइनान्स तथा कार्बन न्यूनीकरणमा पुऱ्याएको योगदानबापत थप सहुलियत पाउनुपर्ने बताउनुभयो। दिगो विकासका लागि नेपालले गरेको सार्थक प्रयासको लाभ नेपालले मात्रै प्राप्त गर्ने नभई संसारभरले नै उपभोग गर्न पाउने र समग्र पृथ्वीको हितका लागि नै हुने मर्मलाई आत्मसात गर्न पनि उपाध्यक्ष श्रेष्ठले आग्रह गर्नुभयो। रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**सर्लाहीको बागमती नगरपालिका-६** सोल्टीस्थित ओम स्टार कृषि तथा पशुपालन फारममा गरिएको व्यावसायिक केरा खेती । मनग्य आम्दानी हुने भएपछि व्यवसायीहरु केरा खेतीतर्फ किसान आकर्षित भएका छन् ।
*तस्बिरः रासस*

# प्रमाणसहित अदालतमा उपस्थित हुन आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले एक अनलाईन संचारमाध्यमलाई सवुद प्रमाण सहित अदालतमा उपस्थित हुन आदेश दिएको छ ।

सिधा कुरा डटकम अनलाइनले प्रकाशित गरेको एक समाचारलाई अदालतको अवहेलनामा कारबाही गर्नुपर्ने वा नपर्नेबारे सबुद प्रमाणसहित यही वैशाख २० गते १० बजे अदालतमा बयानका लागि उपस्थिति हुन आदेश गरेको हो ।

न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुङ्गानाको इजलासले सोमबार सिधाकुरा डटकम नामक अनलाइनका प्रकाशक युवराज कँडेल र कार्यकारी सम्पादक नवीन ढुङ्गानालाई अदालतको अवहेलना मुद्दामा सबुदसहित इजलासमा बयानका लागि उपस्थित हुने भनेको हो ।

यही वैशाख १४ वैशाखमा चार सयभन्दा बढी भ्रष्टाचारका मुद्दा 'डिसमिस' गराउन सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको 'स्टिङ अपरेसन' शीर्षकमा समाचार प्रकाशन गरेको थियो । आदेशमा भनिएको छ, "यो आदेश प्राप्त भएको मितिले २४ घण्टाभित्र हटाउन र यस विषयसँग सम्बन्धित अन्य कार्यक्रम प्रस्तुत निवेदनको अन्तिम निर्णय नभएसम्म उत्पादन, प्रसारण, पुनः प्रसारणलगायत सार्वजनिक गर्ने कुनै कार्य नगर्नू/नगराउनू ।"

अदालतले हटाउन आदेश गरेका कुनै पनि सामग्री प्रसारण नगर्न सञ्चारजगत्को ध्यानाकर्षण गराउँदै सो कार्यान्वयनका लागि प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घलाई लेखी पठाउनाका साथ अदालतका रजिष्ट्रारले समेत सार्वजनिक सूचना जारी गर्न भनिएको छ ।

अदालतले उक्त श्रव्य दृश्य सामग्रीमा उठाइएको विषयवस्तुको सत्यतथ्य र प्राविधिक पक्षको विस्तृत अनुसन्धान हुनुपर्ने देखिएको ठहर गरेको छ । "सो सम्बन्धमा आवश्यक अनुसन्धान गरी प्रचलित फौजदारी कानुनको उल्लङ्घन गरेको देखिएमा कानुनबमोजिम कारबाहीसमेत अगाडि बढाउनू", आदेशमा भनिएको छ, "प्रतिवेदनसहितको जानकारी १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालतमा पेस गर्नु भनी प्रहरी महानिरीक्षकलाई लेखी पठाउने ।"

सर्वोच्च अदालत प्रशासनले उक्त अनलाइनका प्रकाशक कँडेल र कार्यकारी सम्पादक ढुङ्गानालाई अदालतको अवहेलनामा हदैसम्म कारबाही गर्न माग गर्दै अदालतलका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरेले प्रतिवेदन तयार गरी आइतबार इजलासमा पेस गरेका थिए ।

अदालतको अवहेलनामा न्याय प्रशासन ऐन २०७३ को दफा १७ को ४ अनुसार एक वर्षसम्म कैद वा १० हजारसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ ।

# आगलागी प्रभावितको सहायतामा खटिन माओवादीको निर्देशन

**टुडे समाचारदाता**



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले डढेलो एवं आगलागीलगायत विपद्का घटनाबाट प्रभावित नागरिकको उद्धार, राहत र मानवीय सहायता व्यवस्थापनमा खटिन नेता-कार्यकर्ता एवं स्वयंसेवकलाई निर्देशन दिएको छ । देशव्यापी रुपमा आगलागी र डढेलोलगायत विपद्का घटना बढेसँगै माओवादीले मातहतका पार्टी कमिटीलाई उक्त निर्देशन दिएको हो ।

माओवादीका प्रवक्ता अग्निप्रसाद सापकोटाले सोमबार विज्ञप्ति जारी गर्दै पीडित परिवार तथा समुदायलाई उद्धार, राहत, उपचार तथा सुरक्षाजस्ता आधारभूत सेवा प्रदान गर्न राज्यका सबै निकायको गम्भीर ध्यानाकर्षणसमेत गराएका छन् ।

माओवादीले दमकल, एम्बुलेन्स, खाद्यान्न, औषधोपचार आदिको प्रबन्ध गरी पूर्वतयारीलाई चुस्त बनाउन स्थानीय तहलाई अपिल गरेको छ । माओवादीले विपद्का जोखिम कम गर्न, घटना भइहाले शीघ्र प्रतिकार्य गर्न आफ्ना पालिकाबासीलाई जनचेतनाका कार्यक्रममार्फत् घरेलु र स्थानीय उपायसहित तम्तयार अवस्थामा राख्न पनि आह्वान गरेको छ ।

प्रवक्ता सापकोटाले विपद्मा प्रभावकारी उद्धार तथा तत्काल राहतका लागि स्थानीय तहलाई सहयोग गर्न, पालिकालाई सबल बनाउन तथा आवश्यक सामग्रीको व्यवस्था गर्न प्रदेश तथा सङ्घीय सरकारको ध्यानाकर्षण गराए । माओवादीले विभिन्न विपद्का घटनाका कारण ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि र पीडित एवं प्रभावितमा सहानुभूति प्रकट गरेको छ ।

गर्मी र सुक्खापन बढेसँगै देशका विभिन्न भागमा आगलागी एवं डढेलोका घटना वृद्धि भएका छन् ।

डढेलोका कारण जनधनको क्षतिका साथै हजारौँ नागरिक पीडित हुन पुगेका छन् । देशैभरि वायु प्रदूषणको उच्च मात्रा र तापक्रममा उच्च वृद्धिका कारण तराई/मधेसका जिल्लामा तातो हावाको लहर चल्दा दैनिक जनजीवन कष्टकर बनेको छ ।

# आगामी बजेटले जोखिममा परेका महिला, बालबालिकालाई समेट्छ : मन्त्री चौधरी

**काठमाण्डु** । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले अबको बजेटले जोखिममा परेका, द्वन्द्वपीडित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिलाई समेट्ने बताउनुभएको छ । द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालले आयोजना गरेको 'संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्य योजनाको प्रभावकारी कार्यान्वयनमा सामूहिक भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री चौधरीले त्यस्तो बताउनुभएको हो ।




मन्त्री चौधरीले द्वन्द्वपीडित महिला तथा बालबालिकाकै लागि भनेर बजेट नतोकिएको भए पनि बजेटको सीमितताका कारण समस्या उत्पन्न हुने गरेको उल्लेख गर्दै भन्नभयो,"अहिले बजेट निर्माणको क्रममा छ, सोही सन्दर्भमा अब आउने बजेट पनि महिलामैत्री, जोखिममा परेका मैत्री, बालबालिका मैत्री, अपाङ्गतामैत्री, यौनिक लैङ्गिकमैत्री छ कि छैन भनेर हामीले ध्यान दिन्छौँ ।"

अन्तरक्रिया कार्यक्रमले निकालेका निष्कर्ष उपलब्ध गराउन आग्रह गर्दै मन्त्री चौधरीले ती कुरालाई मन्त्रालयले आगामी दिनमा नीति निर्माण तहमा अगाडि बढाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको सरकारले निःशुल्क बीमा गरिदिने कार्यक्रम ल्याउने तयारी गरिएको भन्दै उहाँले अहिले महिला, बालबालिकाका लागि बनेका ऐन कानुन परिमार्जन गर्नका लागि लागिरहेको बताउनुभयो । यो बजेटमा समेट्ने गरी 'छोरी आत्मनिर्भर कार्यक्रम' ल्याउने तयारी गरिएको र त्यसका लागि प्रधानमन्त्रीले स्वीकृति दिइसकेको भन्दै उहाँले यो कार्यक्रम ल्याउन सकेमा पीडामा परेका, उत्पीडित, आर्थिक अवस्था कमजोर भएका महिलालाई केही रूपमा भए पनि राहत मिल्ने उहाँले बताउनुभयो ।

"विशेष गरी मैले यो बजेटमा छोरी आत्मनिर्भर कार्यक्रम अगाडि सारेको छु, त्यसका लागि प्रधानमन्त्रीले स्वीकार गरिसक्नुभएको छ" मन्त्री चौधरीले भन्नुभयो,"त्यो कार्यक्रम प्रत्येक वडामा कम्तीमा पनि १० जना महिलालाई समेट्ने गरी आउनेछ, बीउपुँजी सहितको क्षमता अभिवृद्धिलगायत सबै प्याकेजको रूपमा दिनेगरी कार्यक्रम ल्याउने योजना छ ।" उहाँले मुलुकभरका सबै वडामै जानुपर्छ भनेर योजना बनाएको र करिब १६ अर्बको बजेट प्रस्ताव गरिएको जानकारी दिनुभयो । मन्त्री चौधरीले द्वन्द्वमा पीडित भएका महिला तथा बालबालिकालाई कसरी न्याय दिने ? उहाँहरूको पीडामा कसरी मलम लगाउने भन्ने महत्वपूर्ण विषय भएको उल्लेख गर्दै पीडितको सुरक्षामा पनि ध्यान दिन आवश्यक रहेको बताउनुभयो ।

राज्यले नै ऐन, नियम कानुन ल्याइदिएमा पीडितको न्याय निरूपणमा सहज हुने भन्दै उहाँले भर्खरै सम्पन्न भएको सिएसडब्ल्यूको ६८औँ सेसनमा सहभागी भएर राज्यको तर्फबाट समग्रमा नेपाली महिलाको अवस्था र पीडित महिलाको अवस्थाका विषयमा प्रतिवेदन प्रस्तुत गरिएको जानकारी दिनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले द्वन्द्वमा सबैभन्दा बढी महिला र बालबालिका नै पीडित भएको हुनाले केही फोरमको नेतृत्व महिलाले गर्नुपर्ने बताउनुभयो । उहाँले द्वन्द्वको घाउ महसुस गर्न, बुझ्न नसकेका कारण दुई वटा आयोगले काम गर्न नसकेको भन्दै उहाँले अब बन्ने आयोगमा महिलाले नेतृत्व गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "मानवअधिकार राष्ट्रिय कार्ययोजना, १३२५ र १८२० लाई हेरेर योजना निर्माण गरियोस्, यसलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने सन्दर्भमा विविध पक्षलाई ध्यान दिइनुपर्छ ।" प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिका सचिव इन्द्रविलास पौडेलले द्वन्द्वका बाछिटा अझैपनि बाँकी रहेको भन्दै यसलाई सबै मिलेर टुङ्गो लगाउन आवश्यक रहेको बताउनुभयो ।

त्यस अवसरमा बोल्दै द्वन्द्वपीडित व्यक्तिले द्वन्द्वमा पीडा भोगेका र भोग्न बाध्य बनाइएका महिला दिदीबहिनीका लागि उनीहरूको जीवनलाई सहज बनाउन र शान्ति सुरक्षा व्यवस्था गर्न अहिले पनि राज्य अभिभावक बन्न नसकेको बताएका थिए ।

सङ्घीय सरकारको तर्फबाट महिला मन्त्रालय अभिभावक भए पनि महिला, अपाङ्गता भएका, ज्येष्ठ नागरिकका क्षेत्रको बजेट एउटै डालोमा हालिदिँदा द्वन्द्वमा पीडित भएकाले बजेट नपाएको गुनासो गरेका थिए । द्वन्द्वपीडित महिलाले लामो समयदेखि न्याय नपाएको भन्दै उनीहरूले द्वन्द्वपीडितसँग सम्बन्धित सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन अहिलेसम्म पनि टुङ्गो लाग्न नसकेको भन्दै उनीहरूले ऐन द्वन्द्वपीडित मैत्री नभएको बताएका थिए ।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रमुख तथा प्रतिनिधिले यस विषयमा रणनीतिक योजना बनाएर अगाडि बढ्नुपर्ने बताएका थिए । स्थानीय सरकारलाई काम गर्नका निम्ति केन्द्रबाट निर्देशन गरिए पनि समानीकरणका अनुदान बजेट काटिँदा काम गर्न समस्या उत्पन्न भएको भनाइ राखेका थिए ।रासस

# महासंघ र इन्डियन इन्डस्ट्रिज एशोशिएसनबीच सम्झौता




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल उद्योग व्यापार महासङ्घ (एफएनआइसी) र इन्डियन इन्डस्ट्रिज एशोशिएसन (आईआईए) बीच द्विपक्षीय सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

तेस्रो लगानी सम्मेलनका क्रममा आज उक्त सम्झौता भएको हो । सम्झौतापत्रमा एफएनआइसीका तर्फबाट अध्यक्ष खिमलाल भण्डारी र आईआईएका तर्फबाट अध्यक्ष अनुजकुमार गर्गले हस्ताक्षर गरेका छन् ।

नेपाल र भारतबीचको लगानी, व्यापार तथा उद्योग क्षेत्रमा आपसी सहकार्य तथा हित प्रवर्द्धनका लागि सहकार्य गर्न यो सम्झौता भएको महासङ्घका महासचिव खिमनारायण पराजुलीले जानकारी दिए । दुई देशका निजी क्षेत्रबीच भएको यो सम्झौताले मुख्यगरी व्यापारका क्षेत्रमा सहजीकरणका लागि टेवा पुग्ने अपेक्षा गरिएको छ ।नेपाल उद्योग व्यापार महासङ्घले आजै चाइना दोङ्गन जिङ लङ लाइटिङ प्रडक्ट कम्पनी लिमिटेडसँग पनि नेपालमा लगानी सहजीकरणका लागि सहकार्य गर्नेसम्बन्धी सम्झौता गरेको छ ।

नेपाल चेम्बर अफ कमर्श र क्रोएसियाको निजी क्षेत्रबीच सहकार्यसम्बन्धी समझदारी

नेपाल चेम्बर अफ कमर्स र क्रोएसियाको व्यावसायिक प्रतिनिधिमण्डलबीच व्यापार र पर्यटन क्षेत्रमा सहकार्य गर्ने विषयमा समझदारी भएको छ । काठमाडौँमा जारी तेस्रो लगानी सम्मेलनका क्रममा दुवै संस्थाबीच व्यापार सहजीकरण एवं पर्यटन क्षेत्रमा लगानी गर्ने सम्बन्धमा समझदारी भएको चेम्बरले जनाएको छ ।

सम्मेलनमा चेम्बरले जलविद्युत्, होटललगायत क्षेत्रका एक दर्जन योजना 'सो-केस'मा राखेको छ । सो अवसरमा चेम्बर अफ कमर्श र क्रोएसियाका व्यावसायिक प्रतिनिधिमण्डलबीच नेपालमा लगानीको वातावरण, प्रतिफल, उपभोक्ता बजार, कानुनी पाटोलगायत विषयमा छलफल भएको चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवालले जानकारी दिए ।

# आगलागी र डढेलोबाट नागरिकको जीउधनको सुरक्षा गर्न माग

**काठमाण्डु** । राष्ट्रिय मानव अधिकार आयोगले आगलागी तथा डढेलोको जोखिम न्यूनीकरण गर्नका लागि प्रभावकारी कदम चाल्न सरकारसँग माग गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा आगलागी नियन्त्रणमा प्रयोग हुने सामग्री तथा सुरक्षा उपकरण, तालिम, पूर्वतयारी, सुरक्षा, प्रतिकार्यलगायतका विषयमा उचित व्यवस्था गर्न सरकारसँग माग गरको हो ।आयोगले यससम्बन्धी आमसञ्चार माध्यममार्फत सचेतनामूलक सामग्रीको प्रकाशन तथा प्रसारण गर्न समेत आग्रह गरेको छ । पछिल्ला केही दिनदेखि देशका विभिन्न भागमा आगलागी र डढेलोका घटनाबाट नागरिकको जीउधनको क्षति भइरहेको छ । आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको जनाएको छ ।

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-६, जरलहवा टोलमा २०८१ साल वैशाख १२ गते भएको आगलागीबाट ९१ कच्ची र नौवटा अर्धपक्की गरी एक सयवटा घर जलेका थिए । उक्त घटनाबाट चार सय ५५ जना प्रभावित भएका छन् । पछिल्लो २४ घण्टामा देशका विभिन्न जिल्लाका ४९ स्थानमा आगलागी र ४८ स्थानमा डढेलो लाग्दा एकजनाको मृत्यु हुनुको साथै चारजना घाइते भएका छन् ।

घटनापश्चात् तत्कालै राहत व्यवस्थापन हुन नसक्दा पीडित थप समस्यामा परेको देखिएको छ । विगत एक वर्षमा आगलागी तथा डढेलोबाट एक सय १४ जनाको मृत्यु भएको, पछिल्लो एक महिनामा १४ जनाको आगलागी र आठजनाको डढेलोमा परी मृत्यु भएको आयोगको जानकारीमा रहेको उल्लेख छ ।

सुरक्षाकर्मी तथा स्थानीयवासी पूर्वतयारी तथा पर्याप्त सुरक्षा उपकरणविना आगलागी नियन्त्रणमा परिचालित हुँदा मानवीय क्षति भएको पाइएको आयोगको भनाइ छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यक्रम अत्यन्त न्यून रुपमा भएको र भएका पनि सहर केन्द्रित भएको देखिएको छ ।

"वायु प्रदूषण हुनमा आगलागी र डढेलोको प्रत्यक्ष भूमिका हुन्छ, पछिल्ला वर्षमा नेपाल विश्वमा सबैभन्दा धेरै वायु प्रदूषण हुने देशहरुको सूचीमा पर्दै आइरहेको छ, यसका विभिन्न कारणमध्ये आगलागी र डढेलो प्रमुख मानिएको छ," विज्ञप्तिमा भनिएको छ, "नेपालको कूल क्षेत्रफलको ४४.७४ प्रतिशत वन क्षेत्र हुनु सकारात्मक पक्ष भएता पनि वनमा हुने आगलागी तथा डढेलो नियन्त्रण तथा न्यूनीकरण गर्न सरकारी वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन, निजी वन लगायतको व्यवस्थापन कार्ययोजना प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ, वनजङ्गल संरक्षण तथा व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप र अभ्यासको खोजी तथा प्रवर्द्धन गर्न जरुरी छ ।" रासस

# बालविवाह अन्त्यका लागि सचेतनावृद्धिमा जोड

**टुडे समाचारदाता**

काठमाण्डु । बालविवाह अन्त्यका लागि पुरुष सहभागिता र विद्यालय तहका पाठ्यपुस्तकमै सचेतामूलक विषय समावेश गर्न जरुरी रहेकामा सरोकारवालाले जोड दिएका छन् ।


गैरसरकारी सङ्स्था सिविनले सोमबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा सहभागी सरोकारवालाले लैङ्गिक हिंसा अन्त्य गर्न विद्यालय तहदेखि नै सचेतना अभिवृद्धि र पुरुषको सहयोगका विषय पाठ्यपुस्तकमा समावेश गरिनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, लैङ्गिक हिंसा निवारण शाखाका प्रमुख ममता विष्टले लैङ्गिक हिंसा अन्त्यमा भएका सरकारी पहल र प्रावधानका विषयमा प्रस्तुति दिँदै बालविवाह अन्त्यका लागि सबैको सहयोग जरूरी रहेको बताईन् । उनले मन्त्रालयले गठन गरेको लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सञ्जाल र सञ्जाल सक्रिय बनाउन भइरहेका प्रयासबारे समेत जानकारी दिएका थिईन् ।

सिविन नेपालका प्रतिनिधि निरिजना भट्टले समाजमा व्याप्त लैङ्गिक हिंसासँग सम्बन्धित घटना न्यूनिकरणका लागि थप क्रियाशीलताको खाँचो औँलयाए । 'बालिका दुलही होइनन' भन्ने अभियानका प्रमुखसमेत रहेका भट्टले भने,"समाजमा व्याप्त लैङ्गिक हिंसाका थुप्रै कारण छन्, त्यसको न्यूनीकरणका लागि सबैको सहयोग र सहकार्य आवश्यक छ ।"

सिविन नेपालले सञ्चालन गर्दै आएको बाल हेल्पलाइन नेपाल मोरङ्ग १०९८ का संयोजक वासु अधिकारले मोरङको बुढीगङ्गा गाउँपालिकाको मुसहर समुदायमा बालबालिको भयावह अवस्था रहेको र त्यसविरुद्ध स्थानीय तहसँगको सहकार्यमा काम गर्दैआएको बताउनुभयो ।

कार्यक्रममा लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सहभागितासम्बन्धी रणनीति २०७४ को प्रभावकारिता र आवश्यक परिमार्जन लगायतका विषयमा समेत छलफल भएको थियो ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सरकार रहेकै भवन असुरक्षित

मधेश प्रदेश सरकारको सचिवालय, मन्त्रालय, आवास, प्रदेश प्रमुखको आवास, सचिवालय समेत रहेको मधेश भवन (जनकपुर चुरोट कारखाना) परिसर नै असुरक्षित रहेको छ। मधेश भवन परिसरमा रहेको कर्मचारी आवासमा अनधिकृत रुपमा मानिसहरु बसिरहेका छन्। वरिष्ठ उपसचिवले आफ्नै सहकर्मी महिलालाई पटक पटक बलात्कार गरेको घटना सार्वजनिक भएको छ। दर्जनौ सवारी साधनको अनधिकृत रुपमा प्रयोग भइरहेको छ। यी सबै घटनाहरुले मधेश भवन असुरक्षित र अव्यवस्थित रहेको देखाउँछन्। मधेश प्रदेश भवन परिसर विशाल छ। व्यवस्थित रुपमा उपयोग गर्ने हो भने प्रदेश सरकारले भौतिक संरचनामा धेरै लगानी पनि गर्नु पर्ने छैन्। धेरै कर्मचारीहरुले राम्रो आवास पनि पाउने छन्। सुरक्षित पनि रहने छ। तर यसका लागि सरकारले कानुन नै बनाउनु पर्ने देखिन्छ। मधेश प्रदेश भवनको सञ्चालन र व्यवस्थापनका लागि एउटा सरकारी निकाय नै हुनु आवश्यक छ। प्रदेश प्रमुखको निवास, मुख्यमन्त्री र मन्त्रीहरुको निवास, सचिव र अधिकृत लगायतका कर्मचारीहरुको निवासको व्यवस्थापन सोही निकायको मार्फत हुनुपर्छ। त्यसो गरिए आवास पाउने एउटा मापदण्ड बन्ने छ। सवारी साधनका लागि पनि निर्देशिका बनाइनु पर्छ। हरेक आवास र कर्मचारीको तथ्यांक राख्नु आवश्यक छ। प्रदेश सरकारले ७ वर्षमा मुख्य सचिवालय र आवास क्षेत्र रहेको परिसरलाई समेत व्यवस्थित र सुरक्षित गर्न नसक्नु दुखद नै मान्नु पर्छ। प्रदेश सरकारको कर्मचारीमाथि नियन्त्रण नै छैन्। सरकारी सवारी साधन अनधिकृत रुपमा मानिसहरुले प्रयोग गरिरहेका छन्। कुन मन्त्रालयमा कति सवारी साधन रहेको र त्यो कसको जिम्मामा रहेको समेत व्यवस्थित तथ्यांक छैन्। प्रदेश सरकारले खरिद गरेका कयौं सवारी साधनहरु कवाड भइसकेको छ। मधेश प्रदेश भवन परिसरमा कुनै प्रकारको असुरक्षा, अवाञ्छित कृयाकलाप, महिला असुरक्षा हुन दिनु हुँदैन्। सुरक्षाका लागि सशस्त्र प्रहरीको युनिट राखिएको छ। नेपाल प्रहरी पनि तैनाथ छ। तर अधिकृतकी पत्नीलाई बलात्कार गर्ने अर्का अधिकृत पक्राउ परेको छैन्।न्यायका लागि प्रहरी गुहारे पनि पीडितका लागि न्यायको मार्ग लामो देखिन थालिएको छ। मधेश प्रदेश भवन परिसरमा रहेको अनधिकृत आवास कब्जा, सवारी साधन कब्जा लगायतले सरकारको निकायहरु अव्यवस्थित रहेको प्रष्ट गरेको छ। मधेश प्रदेश सरकारले हाल सचिवालय, आवास लगायतका क्षेत्र अन्य सार्नु भन्दा मधेश भवन परिसरमै व्यवस्थित गरी राख्न आवश्यक छ।

# लगानी सम्मेलनमार्फत लगानीका अवसरको खोजी



प्रशान्तकुमार विक

'समृद्ध नेपाल, सुखी नेपाली'को अवधारणालाई साकार पार्न नेपालमा लगानी भित्र्याउनुको विकल्प छैन। लगानीमैत्री वातावरण र लगानी आकर्षणबिना नेपाल अतिकम विकसित देशबाट विकासोन्मुख देशका रुपमा अगाडि बढ्न सक्दैन। उपलब्ध स्रोतसाधनको यथाशक्य उपयोग गर्न पनि लगानी आवश्यक पर्दछ। सरकारको सीमित स्रोत साधनबाट मात्र विकासका कार्यक्रमहरु सम्पन्न गर्न नसकिने भएकाले पनि द्विपक्षीय तथा बहुपक्षीय लगानी भित्र्याउन अपरिहार्य छ। तर, देशले उदार आर्थिक नीति अवलम्बन गरेको तीन दशकभन्दा बढी समय भइसक्दा पनि अपेक्षित विदेशी लगानी भित्र्याउन नसकेको अवस्था छ। राजनैतिक परिवर्तनसँगै आर्थिक विकास हुन नसक्दा देश पछाडि परेको हो। आर्थिक विकासको आधार भनेको लगानी नै हो। त्यसैले नेपाल सरकारले लगानीका अवशरहरु खोजी गर्नका लागि भनेर तेस्रो लगानी सम्मेलन, २०२४ आयोजना गरेको धेरैको ठम्याइ छ। देशको तरल राजनीतिक तथा नीतिगत अवस्थाका बाबजुद पनि सरकारले गर्न लागेको यो सम्मेलन आफैँमा सह्राहनीय कदम हो।

नेपाललाई एक आकर्षक लगानी गन्तव्यका रुपमा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको दुई दिने सम्मेलनलाई दशवटा सेसनमा विभाजन गरिएको छ, जसमा ५० भन्दा बढी वक्ताहरु र एक हजारभन्दा बढी सहभागीहरु रहेका छन्। बहुप्रतिक्षित र धेरैले चासोको रुपमा हेरिरहेको सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सरकारी, निजी, तथा विकास साझेदारहरुको प्रतिनिधित्व भइरहेको छ। नेपालको राष्ट्रिय योजना, सरकारका नीति तथा कार्यक्रमहरुसँग तालमेल मिलाउँदै गर्न लागिएको सम्मेलनमा निजी क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

विशेषगरी, यो सम्मेलन प्रत्यक्ष बैदेशिक लगानी भित्र्याउनका लागि गरिएको प्रयासका रुपमा हेरिएको छ। त्यसैगरी, लगानीका लागि पर्यटन, उर्जा, सूचना प्रविधि, कृषि, निर्माण, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा खनिज र शहरी विकास गरी सम्भावित १० वटा क्षेत्रहरु निर्धारण गरिएको छ। ती क्षेत्रहरुमा लगानी प्रक्रिया सहज बनाउनका लागि छ वटा प्रक्रियागत चरणहरु पनि उल्लेख गरिएको छ। लगानीका लागि आवदेन, स्वीकृति, कम्पनी दर्ता, नेपाल राष्ट्र बैंकको क्लिरियन्स, वार्ता तथा सम्झौताहरु र अनुमति, स्वीकृति र दर्तालगायतका प्रक्रियाहरु समावेश गरिएको छ। सरकारले लगानीमैत्री वातावरण तयार गर्नका लागि यस्तो खालको एकद्वार नीति अवलम्बन गरेको हो। सम्मेलन अगाडि पूर्वलगानी गोष्ठीहरु देशभित्र काठमाडौँ र लुम्बिनीमा आयोजना गरिएको थियो भनेर देश बाहिर भारतको नयाँ दिल्ली, बङ्गलादेशको ढाका, चीनको छेन्दु, बेइजिङ, हङकङलगायतका शहरहरुमा सम्पन्न भएको थियो।

चीनको सिचुवान प्रान्तको छेन्दु शहरमा भएको पूर्व लगानी सम्मेलनमा सहभागी हुने अवसर प्राप्त भएको थियो। अहिलेका कन्सुलेट जनरल सुरेश रावतले लगानीसँग सम्बन्धित यो पहिलो तर महत्वपूर्ण कार्यक्रम भएको कुरा उल्लेख गरेका थिए। सह-आयोजक सिचुवान चेम्बर अफ इन्टरनेशनल कमर्सका प्रतिनिधिले पनि नेपालको विकासका लागि लगानी गर्न आवश्यक रहेको र यसले दुवै देशका जनतालाई फाइदा पुग्ने कुरा उल्लेख गरेका थिए। कार्यक्रममा सहभागी सिचुवान वोलुन इलेक्ट्रिक कम्पनी लिमिटेडका ग्लोबल सेल्स प्रतिनिधि विल लियाओ लगायतले लगानीसँग सम्बन्धित प्रश्नहरु सोधेका थिए। यसले चिनीया लगानीकर्ताहरु लगानी गर्न उत्सुक रहेको देखिन्छ। कार्यक्रमले नेपाल लगानी भित्र्याउन आतुर छ है भन्ने सूचना प्रवाह



गरेको थियो। सम्मेलनको व्यापक प्रचारप्रसारका लागि सूचना प्रविधिको अधिक प्रयोग गरिएको छ। फेसबुक तथा एक्स (ट्विटर) लगायतका सामाजिक सञ्जालको नियमित उपयोग गरिएको छ।

चीनले नेपालीलाई यही मे १ देखि मेनल्याण्ड चाइनाका लागि भिसा प्रक्रिया निःशुल्क गर्दैछ। यसबाट दुई देशबीच आवागमन सहज हुनेछ भने यसले पनि लगानीका लागि वातावरण तयार गर्न सक्दछ। अहिले नेपालमा सबैभन्दा बढी बैदेशिक लगानी गर्ने देशमा छिमेकी देश चीन र भारत नै अगाडि छन्। दुवै छिमेकी राष्ट्रहरु आर्थिक रुपमा शक्ति सम्पन्न हुँदा पनि नेपालले सोचेजस्तो आर्थिक वृद्धि तथा विकास गर्न नसक्नु चिन्ताजनक विषय हो। चीन र भारत आपसमा सहयोगी भन्दा पनि प्रतिस्पर्धी व्यवहारबाट निर्देशित हुँदा त्यसको नकारात्मक प्रभाव नेपालमा पर्नु स्वभाविक हो। दुवै छिमेकी देशहरुको विकास हुँदा 'स्पिल ओभर इफेक्ट' का कारण नेपालमा पनि विकास हुन्छ भन्ने मान्यता नभएको होइन तर त्यसका लागि उनीहरुको चाखलाई चलाखीपूर्ण ढङ्गले व्यवस्थापन गर्न आवश्यक छ। उदाहरणको लागि, चीनको लगानीमा उत्पादन भएको विद्युत संयुक्त राज्य अमेरिकाले लगानी गरेको प्रशारण लाइन हुँदै भारतीय तथा बङ्गलादेशको बजारमा बेच्नु पर्ने स्थिति छ। चीन, भारत र संयुक्त राष्ट्र अमेरिकाजस्ता ठूला शक्ति राष्ट्रहरुलाई नेपालमा व्यवस्थापन गर्ने देशको नीति र नेतृत्वको खुबीको कुरा हो।

अझ, दुवै छिमेकी देशसँगको बढ्दो व्यापार घाटा कम गर्नका लागि व्यापारमा विविधीकरण तथा विशिष्टीकरण आवश्यक छ। तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी लगानी गर्नु र प्राप्त आर्थिक विकासलाई सन्तुलित ढङ्गबाट वितरण गर्नु सरकारका अहिलेका चुनौतीका विषयहरु हुन्। त्यसका बाबजुद, नेपाल सार्क, विमिस्टेक, विश्व व्यापार सङ्गठन, बेल्ट एण्ड रोड इनिसियटिभ (विआरआइ) लगायत अन्य थुप्रै क्षेत्रीय तथा अन्तराष्ट्रिय सङ्गठनहरुको सदस्यका रुपमा रहँदै आएको छ। नेपालले बढीभन्दा बढी लगानी भित्र्याउनका लागि यी सङ्गठन (फोरमहरु)को कूटनीतिक उपयोग गर्न सक्नु पर्दछ। साथै, गैरआवासीय नेपाली सङ्घलगायत विदेशमा रहेको नेपालीहरु (डायस्पोरा) लाई लगानीका लागि उत्प्रेरित गर्न आवश्यक छ।

नेपालले हालसम्म कूटनीतिक रुपमा एकसय बयासी देश सँग दौत्य सम्बन्ध कायम गरेको छ। तीस देशमा आफ्नो राजदूतावास खोलेको छ भने सात वटा महावाणिज्य दूतावास रहेका छन्। यी निकायहरुको उपयोग गरेर पनि लगानी भित्राउन सकिन्छ। सरकार-सरकारबीचको सम्बन्ध मात्र होइन, जनता-जनताबीचको सम्बन्ध (ट्र्याक-टु डिप्लोमेसी) तथा सम्पर्क बढाउन आवश्यक छ। त्यसैले सरकारले औपचारिक तथा अनौपचारिक माध्यमबाट लगानी आकर्षित गर्न सबै खालको पहल गर्न आवश्यक छ। लगानीमैत्री वातावरणका लागि प्रक्रियागत सरलीकरण गर्दै जानु पर्दछ। संरचनात्मक तथा नीतिगत व्यवस्थालाई चुस्त दुरुस्त पार्नुको विकल्प छैन। एक अन्तर्वार्तामा लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टले विकास मन्त्रालयहरु पनि चलायमान हुनु पर्दछ भन्नुको पछाडि लाइन अफ एजेन्सीको सक्रियता खोजिएको प्रष्ट हुन्छ।

देश विकासको लागि लगानी आकर्षण गर्न सकिने पर्याप्त सम्भावनाहरु पनि छन्। देशमा युवा जनशक्ति हुनु, न्यून श्रम मूल्य, अन्तराष्ट्रिय सङ्गठनहरुसँगको सहकार्य, नेपालको रणनीतिक भौगोलिक अवस्थिति, प्रविधिको उपयोग, सेवा प्रवाहमा एकद्वार प्रणाली अवलम्बन गर्नुजस्ता विषयहरु लगानी भित्र्याउनका लागि सहज परिस्थितिहरु हुन्। यसका कारण लगानी बोर्डका अनुसार अहिलेसम्म विभिन्न ४२ वटा परियोजना स्वीकृत भएका छन्। नेपालमा लगानी गर्नेमा होंसी शिवम् सिमेन्ट प्रालि, ह्वासिन सिमेन्ट, एनसेल, एसजेविएन, स्ट्याण्डर्ड चार्टर बैंक, डाबर, युनिलिभर, पञ्जाब नेशनल बैंक, नेपाल एसबिआई बैंक लिमिटेड, जिएमआर माथिल्लो कर्णाली जलविद्युत् आदि प्रमुख रहेको छन्। वैदेशिक लगानीको कुरा गर्दा विभिन्न समयमा एनसेललगायतका बहुराष्ट्रिय कम्पनीहरुसँग नीतिगत जटिलताका कारण देखिएका समस्याहरु भविष्यमा कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा पनि ध्यान जान आवश्यक छ।

थप सम्भावित लगानीकर्ताहरु (व्यक्ति वा संस्था) लाई आकर्षित गर्न लगानी बोर्डले 'रोष्टर म्यानेजमेण्ट सिस्टम' पनि लागू गरेको छ। यसअनुसार आगामी दिनमा लगानीका लागि अझै सहज वातावरण बन्न सक्दछ। यस सम्मेलनलाई निजी क्षेत्रले पनि निकै महत्व र अवसरको रुपमा लिएको छ। नेपाल सरकार आयोजक रहेको यस सम्मेलनको सहआयोजकका रुपमा भने नेपाल उद्योग वाणिज्य सङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्स रहेका छन्। सम्मेलनपछि स्वदेशी र विदेशी लगानीकर्ताहरु कत्तिको आकर्षित हुन्छन् त्यो हेर्न बाँकी नै छ तर यसले व्यापकरुपमा लगानी सचेतना अभिवृद्धि गरेको देखिन्छ। (लेखक चीनस्थित सिचुवान विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ)

# लगानी सम्मेलनको अपेक्षा र भावी गन्तव्य



डा गोविन्दराज पोखरेल

समाजवादोन्मुख अर्थतन्त्रको विकासका लागि गतिशील बजार चाहिन्छ, जसका लागि ठूलोमात्रामा लगानीको आवश्यकता छ। आन्तरिक स्रोतबाट मात्रै लगानी जुट्न नसक्ने हुँदा विदेशी लगानी आकर्षित गर्न र स्वदेशी लगानीलाई प्रोत्साहन गर्न लगानी सम्मेलनको आयोजना गर्ने गरिन्छ। गोरखा भूकम्प, कोभिडपछि लगानीकर्ताको जोखिम बहन क्षमतामा ह्रस आएको छ भने विश्वमा आएको आर्थिक मन्दीको असर हाम्रोजस्तो मुलुकमा बढी नै परेको सन्दर्भमा बाह्य लगानीको ठूलो महत्व र आवश्यकता रहेको छ। यसै सन्दर्भमा यसपटक सरकारले तेस्रो लगानी सम्मेलनको आयोजना गरेको छ।

यसअघि पनि विभिन्न समयमा यस किसिमका सम्मेलनहरु आयोजना गरेको थियो। तर लगानीकर्ताहरुका लागि उपयुक्त नीतिगत व्यवस्था, प्रकृयागत, संरचनागत र सरकार प्रति विश्वासको वातावरण बन्न नसक्दा ती सम्मेलनहरुमा व्यक्त प्रतिवद्धताअनुसार लगानी हुन सकेनन्। यसअघिका सम्मेलनमा भएका प्रयास, प्रतिबद्धता, कार्यान्वयनमा सरकारका प्रयास र सहजीकरण के-कस्ता रहे भन्ने विश्लेषण गर्न पनि यसपटकको सम्म्मेलन उपयुक्त थलो बन्न सक्दछ। प्रतिबद्धता गरिएकामध्ये कुन परियोजनाको लगानी प्राप्ति भयो ? अथवा कुन परियोजनामा प्रतिबद्धताअनुसार प्राप्ति भएन र किन भनेर गहन विश्लेषण आवश्यक छ।

मुलुकमा स्वदेशी तथा विदेशी लगानी भित्र्र्याएर आर्थिक समुन्नति हासिल गर्ने उद्देश्यका साथ आयोजना गरिएको सम्मेलनमा विभिन्न क्षेत्रका करिब एक सय ५० परियोजना प्रस्तुत गरिएको छ। पर्याप्त पूँजी, प्रविधि तथा मानव संशाधनका लागि सरकार र निजी क्षेत्रका साथै बाह्य लगानी आवश्यक भएकाले देशको समग्र विकासमा योगदान गर्ने ठानिएका ती परियोजना सम्मेलनमा प्रस्तुत हुनु सकारात्मक मान्न सकिन्छ। तर यतिमै सन्तुष्ट हुने अवस्था भने छैन। किनकी ती परियोजनाहरु प्रस्तुत गर्नका लागि मात्रै रहे भने त्यसले कुनै परिणाम दिन सक्दैनन्, लगानीकर्ताले लगानी गर्नका लागि सम्भाव्य खालका छन् कि छैनन् भन्ने कुरा सम्मेलनपछि देखिने परिणामबाट मूल्याङ्कन हुने नै छ।

'इमर्जिङ नेपाल इन्भेष्टमेन्ट समिट-२०२४' नाम दिइएको यस सम्मेलनमा करिब आठ सय विदेशी र चार सय नेपाली लगानीकर्ताले सहभागिता जनाउनु आफैँमा पनि उपलब्धिमूलक हो। अध्यादेशमार्फत कानुनी सुधार गरेर विदेशी तथा स्वदेशी लगानीकर्तालाई समावेस गरेको कारण सम्मेलनमार्फत नेपाल लगानीका लागि आकर्षक गन्तव्यका रूपमा रहेको सन्देश पुगेको छ। नेपालमा यसअघि कतारका अमिर शेख तमिम विन हमाद अल थानी र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको भ्रमण जस्तै सम्मेलनमा पनि विशिष्ट व्यक्ति आउने माहोल बनाउन सकेमा पनि विश्वमा थप राम्रो सन्देश जानेछ। यस्ता भ्रमणले लगानीमैत्री वातावरण बनाउन सहयोग पुग्नेछ।

लगानीको वातावरणको सूचना विश्वसामु प्रवाह गर्दा अपेक्षित भन्दा निकै ठूलो लगानीको प्रतिबद्धता आउने तर लगानी गर्न भने तत्परता नदेखाउने अवस्था रहेको छ। विगतका कमजोरीहरुबाट सिकेर पर्याप्त गृहकार्य नगरी सम्मेलनहरु आयोजना गर्दा केवल औपचारिकतामा मात्र सीमित हुने र ठोस परिणाम ननिस्कने अवस्था रहन्छ। यद्यपि यसपटकको सम्मेलनबाट विश्वमा सकारात्मक माहोल प्रवाह भएको छ। यसले लगानीमैत्री वातावरण बनाउनुका साथै विश्वको ध्यान नेपालमा खिच्न समेत सहयोग पुग्ने विश्वास गरिएको छ। सम्मेलनले तत्कालै परिणाम दिने पनि होइन। अहिले लगानीको सम्भावना र अवसर देखाउने हो। लगानीकर्तालाई नेपालबारे बुझाउने र लगानीका लागि आकर्षित गर्ने हो, यसको नतिजा दीर्घकालमा देखिन्छ।

जे होस् सम्मेलनको आयोजनाले नेपाल लगानी बढाउन आतुर छ भन्ने सन्देश गएको छ, राजनीतिक र सबै हिबासले लगानी भित्र्र्याउन चाहन्छ भन्ने देखिएको छ। सरकारको तत्परता राम्रो छ, यो गतिलाई थप बलियो बनाउनुपर्छ, यसले नेपालका तर्फबाट विश्वमा सकारात्मक माहोल प्रवाह हुन्छ, लगानीमैत्री वातावरण बनाउन सहयोग पुग्छ। लगानी सम्मेलन गरेर लगानी आकर्षित गरी रोजगारीका अवसर सिर्जना गर्न खोज्नु राम्रो कुरा हो। राष्ट्रिय हित हुने गरी दीर्घकालीन सोच राखेर राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक र नकारात्मक प्रभाव पार्ने आँकलन गरेर उचित निर्णय गरी सबै क्षेत्रमा लगानी गर्नुपर्छ। पर्यटन, कृषि, जडीबुटी, जलविद्युत्का साथै व्यक्तिको क्षमतामा विकास गर्नेमा पनि लगानी गर्नुपर्ने देखिन्छ। सडक र हवाई पुर्वाधार, ग्रिन हाइड्रोजन, कृषि र सूचना प्रविधि, जडिबुटी र खनिज पदार्थ पनि महत्वपूर्ण क्षेत्र हुन सक्छन्।



वैदेशिक लगानीकर्ताको मनोबल जित्न भने त्यति सजिलो छैन। मुलुकको आर्थिक विकास गर्नको लागि ठूलो मात्रामा वैदेशिक लगानी भित्राउने उद्देश्य राखी आयोजना गरिने यस्ता सम्मेलनबाट विदेशी ठूला लगानीकर्ता, अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू, स्वदेशी लगानीकर्ता, विज्ञ र सरोकारवालालाई मुलुकमा लगानीको लागि आग्रह गरिरहँदा उनीहरुको अपेक्षाहरुलाई पनि बुझ्न जरुरी हुन्छ। सम्मेलनले द्रुत गतिमा आर्थिक विकास गर्ने, वैदेशिक मुद्रा भित्राउने, रोजगारी सिर्जना गर्ने, सरकारको आयलाई बढोत्तरी गर्ने उपयुक्त अवसर प्रदान गर्दछ। दैनिक १६-४० वर्ष उमेर समूहका व्यक्ति अध्ययन तथा रोजगारीको सिलसिलामा विदेश गइरहेका छन्। बढीभन्दा बढी लगानी आकर्षित गरी विभिन्न आयोजनाहरु कार्यान्वयन गर्न सकिए देशमा रोजगारीको वातावरण सिर्जना हुनेछ र कामकै लागि दिनहुँ हजारौँको सङ्ख्यामा युवा विदेश भौँतारिनुपर्ने अवस्था हुँदैन।

लगानीका लागि भौतिक सुरक्षा पहिलो र महत्वपूर्ण विषय हो। मुनाफा हुने किसिमको आर्थिक वातावरण, कर र वित्तीय प्रणाली पश्चगामी हुँदैनन् भन्ने सुनिश्चित गराउनुपर्ने हुन्छ। सम्मेलनको पूर्वसन्ध्यामा सरकारले झन्डै एक दर्जन कानुन अध्यादेशमार्फत संशोधन गरेको छ। अझै आवश्यक कानुन बनाउन सकिएको छै। अन्तिम समयमा आएर अध्यादेशमार्फत कानुन बनाउनुभन्दा पहिले नै संसदबाटै सहमतिमा कानुनहरू बनाएको भए नेपालमा राजनीतिक अस्थिरता छैन भन्ने स्पष्ट सन्देश जाने थियो। यसअघिको सन २०१९ को लगानी सम्मेलनमा गरिएका कानुन संशोधनका बाचा पनि समयमै पूरा गरेको सन्देश जाने थियो। मुलुकमा लगानीमैत्री वातावरण बनाउन कतिपय नयाँ ऐन नै ल्याउनु पर्नेछ। संसदमा गएका ऐनहरू सबै दलले सर्वसम्मत रुपमा पास हुन पर्ने हुन्छ। सार्वजनिक- निजी साझेदारीमा वैदेशिक लगानी ल्याउने हो भने सार्वजनिक खरिद ऐन लागू हुन्छ भने सार्वजनिक- निजी साझेदारीका ऐनका कतिपय प्रावधान मिलाउनुपर्ने हुन्छ।


विश्वका लगानकर्ताहरुलाई नेपालमा लगानीका अवसर, लगानी प्रवर्द्धनका लागि सरकारले लिएका नीतिगत तथा कानुनी प्रयासबारे जानकारी गराउने अवसर पनि हो। नेपाल लगानीको लागि उत्कृष्ट गन्तव्य रहेको सन्देश दिने अवसरको रुपमा उपयोग गर्नुपर्छ। लगानी सम्मेलनले मुलुकलाई समृद्ध बनाउन ढोका खुल्ला गर्ने अपेक्षा गरिएसँगै नेपाल लगानीको लागि उपयुक्त थलो बनेको सन्देश दिन सक्नुपर्छ। विगतका लगानी सम्मेलनमा भएका उपलब्धिहरुलाई अझ सुदृढ गर्दै त्यसको पतिफललाई अझ बढी प्रभावकारी कार्यान्वयनमा लैजान सकिने परियोजनाहरुबारे छलफल गरेर टुङ्गोमा पुर्‍याउन सम्मेलन आयोजना गरिएको हो। सरकारले आयोजना गरेको लगानी सम्मेलनबाट स्वदेशी निजी क्षेत्रसमेत उत्साहित बनेको छ। सम्मेलन सरकारको मात्रै नभएर राज्यको भविष्य र समृद्धिसँग जोडिएको हुँदा सबै राजनीतिक पार्टीहरुको समान अवसर र सहभागिताको रुपमा लिनु पर्दछ।

लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचानमा उत्तिकै जिम्मेवार हुन जरुरी छ। लगानीकर्ताको चाहनासँगै हाम्रा प्राथमिकताहरु पनि सँगसँगै जोडेर लैजान सके मात्रै परिणाममुखी हुन सक्छ। हामीले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा लगानीकर्ता कति इच्छुक छन्, कति विश्वस्त छन् र उनीहरू प्रतिबद्धताअनुसार लगानी गर्न चाहिरहेका छन् वा छैनन् भन्ने स्पष्ट जानकारी राखेर मात्रै अगाडि बढ्नुपर्ने हुन्छ। ठूला आयोजना सञ्चालनमा लागि लगानी बोर्डको क्षमता बढाउनु पर्नेछ। एकद्वार प्रणालीलाई साँच्चै व्यवहारमा लागू गर्नुपर्छ।

नेपालको विकासका लागि अनगिन्ती क्षेत्र र सम्भावना छन्। त्यसमध्ये प्राकृतिक स्रोतका रूपमा जलस्रोत हो भने अर्को पर्यटन क्षेत्र हो। कृषि क्षेत्र पनि वैदेशिक लगानीका लागि आकर्षक क्षेत्रका रूपमा स्थापित हुँदै गएको छ। समग्रमा कर, प्रकृयागत समस्या, सहजीकरणका संरचनाको क्षमता, सुरक्षा, लगानी विस्तारका सम्भावना, राजनीतिक स्थिरता र समाजको बैदेशिक लागानी प्रतिको धारण, दक्ष जनशक्तिको उपलब्धता आदि लगानीकर्ताका रूचीका विषय हुन्, जसमा हाम्रो ध्यान हुन जरूरी छ लगानी ल्याउनका लागि। (राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष लेखक पोखरेलसँग राससका लागि कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)

# समृद्धिका लागि उचित वातावरण सृजना गरिने ओलीको भनाई

टुडे समाचारदाता



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको समृद्धिका लागि सबै प्रकारका उचित वातावरण सृजना गर्न आफ्नो पार्टी दृढ रहेको बताउका छन् ।

तेस्रो लगानी सम्मेलनको समापनसत्रलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले आफ्नो पार्टी स्वदेशी र विदेशी निजी क्षेत्रका लगानी प्रवर्द्धनका लागि संशोधित कानुनको प्रभावकारी कार्यान्वयन तथा उचित वातावरण सृजनाका पक्षमा दृढ रहेको स्पष्ट गरेका थिए । उनले लगानी सम्मेलन नेपालका राजनीतिक दल र विकास साझेदारबीचको सहकार्य बढाउने एक उपयुक्त माध्यम भएको बताए ।

सन् २०१९ मा आफू सरकारको नेतृत्वमा हुँदा भएको दोस्रो लगानी सम्मेलनको स्मरण गर्दै अध्यक्ष ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा बमोजिम स्वदेशी र विदेशी निजी क्षेत्रको लगानीलाई अभिवृद्धि गर्ने ध्येय राखिएको जानकारी गराए ।"त्यसबेला पनि आफूले विभिन्न कानुनमा संशोधन गरेको र श्रम विवादका विषय समाधान गरेका थियौँ, यो सम्मेलनबाट आएका सुझावलाई कार्यान्वयन गराउन हामी पनि भूमिका निर्वाह गर्नेछौँ," अध्यक्ष ओलीले भने, "यो सरकार परिणाममूलक काम गर्ने स्पष्ट खाकासहित अगाडि बढेको छ । यसले सन् २०३० सम्ममा नेपाललाई अल्पविकसित मुलुकबाट स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । '

# समितिको प्रतिवेदनले औँल्याएका विषय कार्यान्वयन हुने गृहमन्त्रीको भनाई



टुडे समाचारदाता

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले छानबिन समितिको प्रतिबेदनले उठान गरेको विषय कार्यान्वयन हुने बताएका छन् । सोमबार गृहमन्त्री लामिछानेसमक्ष हतियारको इजाजत तथा नवीकरणसम्बन्धी छानबिन समितिले प्रतिवेदन बुझाएको छ ।

प्रतिवेदन बुझ्दै उपप्रधान एवं गृहमन्त्री रवि लमिछानेले छानबिन समितिको प्रतिवेदनले औँल्याएका सुझाव र सिफारिस कार्यान्वयन गरिने बताए । व्यक्तिसँग रहेका हातहतियारको दुरुपयोग हुन नदिन र सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि गर्नुपर्ने कामका विषयमा सुझावसहितको प्रतिवेदन दिन चैत १५ गते गृह मन्त्रालयका सहसचिव राजेन्द्रदेव पाण्डेको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरिएको थियो ।

गृहमन्त्रालयद्वारा गठित उक्त समितिले गृहमन्त्री लामिछानेलाई बुझाएको प्रतिवेदनमा व्यक्तिगत रुपमा हतियारको इजाजत प्राप्त गर्ने मापदण्ड, कानुनमा गर्नुपर्ने सुधार, अभिलेख व्यवस्थापनका लागि गर्नुपर्ने कार्य, घटनामा संलग्न व्यक्तिलाई गर्नुपर्ने कारबाहीलगायत विषयमा सुझाव तथा सिफारिस गरिएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

विसं २०८० चैत ५ गते सर्वोच्च अदालत परिसरमा जिल्ला प्रशासन कार्यालय, झापाबाट मिति २०७५ असार २१ मा जारी भएको इजाजतपत्र २२ बोर ए-३५४७५२ हतियार फेला परेपछि उपप्रधान एवं गृहमन्त्रीस्तरीय निर्णयबाट छानबिन समिति गठन भएको थियो । मेडिकल व्यवसायी दुर्गा प्रसाईंका सुरक्षागार्डसँग उक्त हतियार फेला परेको थियो ।सर्वोच्च अदालत परिसरमा फेला परेको हतियार कानुनले तोकेअनुसार इजाजत दिन मिल्ने खालको नदेखिएको र इजाजत दिने निर्णयमा समेत देशभर लैजान पाउने गरी इजाजत नदिइएको प्रतिवेदनमा उल्लेख छ । सर्वोच्चले उक्त विषयमा छानबिन गर्न आदेश दिएको थियो ।

देशभर हतियारको इजाजतपत्र दिँदा, नवीकरण वा नामसारी गर्दा विद्युतीय प्रणालीको केन्द्रीय अभिलेखमा राख्न र नियमन गर्नसमेत प्रतिवेदनमा सुझाव दिइएको छ ।

# सूचना प्रविधिमा लगानी गरी मनग्य लाभ लिन सञ्चारमन्त्रीको आह्वान



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधि क्षेत्रमा लगानीका लागि नेपाल उपयुक्त मुलुक रहेको बताउनुभएको छ ।

काठमाडौँमा जारी तेस्रो लगानी सम्मेलनका क्रममा सोमबार 'सूचना प्रविधिः लगानीको उत्कृष्ट क्षेत्र' विषयक सत्रलाई सम्बोधन गर्दै उहाँले सूचना प्रविधि उद्योगमा लगानी गर्न नेपालीमात्र नभई विदेशी लगानीकर्ताका लागि पनि नेपाल उपयुक्त स्थल रहेको बताउनुभयो ।

मन्त्री शर्माले मुनाफाआर्जनको वातावरण बनाएर लगानी र लगानीकर्ताको सुरक्षा गर्दै संसारकै उँचो हिमाली मुलुक नेपाललाई सूचना प्रविधिको अन्तर्राष्ट्रिय ' हब' बनाउन सरकार दृढ सङ्कल्पित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सूचना प्रविधि क्षेत्रको लगानीमार्फत हुने डिजिटल रूपान्तरण र समृद्धिको यो महाअभियानमा सहभागी हुन र यसबाट मनग्य लाभलिन देशभित्र तथा देशबाहिरका सम्पूर्ण लगानीकर्तालाई आह्वान गर्दछु ।"

मन्त्री शर्माले नेपालमा सूचना प्रविधि उद्योगका लागि अनुकूल भौगोलिक हावापानी रहेको उल्लेख गर्दै दक्ष जनशक्ति उपलब्धत भएका कारण पनि कम लागतमा सूचना प्रविधिसम्बन्धी उद्योग सञ्चालन गर्न सकिने प्रचुर सम्भावना रहेको बताउनुभयो । "प्रत्येक वर्ष १० हजारभन्दा बढी नेपाली युवा सूचना प्रविधिको क्षेत्रमा थप भइरहेका छन् । अहिले पनि झन्डै एक लाख युवा सूचना प्रविधि सेवा निर्यात क्षेत्रमा क्रियाशील रहेकाले यहाँ दक्ष जनशक्तिको अभाव छैन", मन्त्री शर्माको भनाइ थियो ।

त्यसैगरी उहाँले सूचना प्रविधिको क्षेत्रमा लगानीवृद्धि गर्नेगरी आवश्यक नीति, कानुन र पूर्वाधार विकासका लागि सरकार प्रतिबद्ध रहेको भन्दै 'साइबर स्पेस'लाई सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरिएको र राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना भएको जानकारी दिनुभयो ।

मन्त्री शर्माले सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक तर्जुमा तथा डिजिटल पूर्वाधारको महत्वपूर्ण आधार दूरसञ्चार क्षेत्रलाई समयानुकूल व्यवस्थित गर्न दूरसञ्चार ऐनको पुनरावलोकन गर्ने काम भइरहेको समेत जानकारी दिनुभयो ।

उहाँले दूरसञ्चार पूर्वाधारका क्षेत्रमा भइरहेको दोहोरो लगानी अन्त्यगर्न पूर्वाधार सहप्रयोगको नीतिलाई आवश्यक पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयन गर्नु जरुरी रहेको धारणा राख्नुभयो । दूरसञ्चार तथा सञ्चार प्रविधि नीति, २०७२, दूरसञ्चार नीति, २०६० र ब्रोडब्याण्ड नीति, २०७१ लाई पुनरावलोकन गरी एकीकृत नीति तर्जुमा गर्ने कार्य भइरहेको जानकारी दिँदै उहाँले निजी क्षेत्रबाट 'डाटा सेन्टर' सञ्चालनका लागि उपयुक्त वातवारण सिर्जना गर्न कानुन तथा मापदण्डको तत्काल तर्जुमा गरिने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

"नेपालमा बढ्दै गइरहेको सूचना प्रविधिसम्बन्धी चाँडोभन्दा चाँडो आइटी हबको विकास गर्नु जरुरी छ", उहाँले भन्नुभयो, "यसबाट देशभित्र र बाहिरका लगानीकर्ताको पुँजी तथा सूचना प्रविधि क्षेत्रका दक्ष जनशक्तिको ज्ञान, सीप र श्रमको एकीकृत परिचालन गर्ने वातावरण बन्नेछ ।"

मन्त्री शर्माले विश्वस्तरमा भएका 'एआई', ' क्लाउड कम्प्युटिङ', 'आइओटी', 'ब्लकचेन'जस्ता नयाँ तथा परिवर्तनकारी प्रविधिको विकास र विस्तारबाट नेपालले कसरी लाभ लिन सकिन्छ भनेर सरकारले आवश्यक तयारी गरिरहेको बताउनुभयो । "नेपालमा समृद्धिका आधारका रुपमा कृषि, जलस्रोत र पर्यटनलाई लिँदै यसकै आधारमा गरिने उत्पादन र उत्पादकत्ववृद्धिलाई आर्थिक विकासको सूचकको रुपमा हेर्दै आएका छौ । अब हामीले आर्थिक विकासको थप आधारका रुपमा सूचना प्रविधिलाई जोडेर लैजाने नीति अख्तियार गर्नु जरुरी छ । सरकारले यस विषयमा पनि तयारी गरिरहेको छ", मन्त्री शर्माले सम्बोधनका क्रममा भन्नुभयो ।

> "
>
> मन्त्री शर्माले सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक तर्जुमा तथा डिजिटल पूर्वाधारको महत्वपूर्ण आधार दूरसञ्चार क्षेत्रलाई समयानुकूल व्यवस्थित गर्न दूरसञ्चार ऐनको पुनरावलोकन गर्ने काम भइरहेको समेत जानकारी दिनुभयो ।
>
> उहाँले दूरसञ्चार पूर्वाधारका क्षेत्रमा भइरहेको दोहोरो लगानी अन्त्यगर्न पूर्वाधार सहप्रयोगको नीतिलाई आवश्यक पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयन गर्नु जरुरी रहेको धारणा राख्नुभयो । दूरसञ्चार क्षेत्रमा फाइभजीलगायत नवीनतम् प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन गर्नेगरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति लागू गरिएको मन्त्री शर्माको भनाइ छ ।

दूरसञ्चार क्षेत्रमा फाइभजीलगायत नवीनतम् प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन गर्नेगरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति लागू गरिएको मन्त्री शर्माको भनाइ छ । सूचना सेवा निर्यातलाई प्रवर्द्धन गर्न सूचना प्रविधि उद्योग र 'स्टार्टअप'लाई एकै थलोबाट सञ्चालन गर्ने गरी आवश्यक पूर्वाधारको अभाव रहेकाले

लगानी सम्मेलनमार्फत डाटा सेन्टर, आइटीरटेक्नोपार्क, कम्प्युटर हार्डवेयर एसेम्बली प्लान्ट, आइसिटी ट्रेनिङ सेन्टर, डिजिटल सर्भिस सेन्टर, स्मार्ट फोन म्यानुफ्याक्चर तथा एसेम्बली प्लान्ट, इन्कुवेशन सेन्टर र फिल्म सिटी गरी महत्वपूर्ण आठ वटा परियोजना अघि सारिएको पनि उहाँले जानकारी गराउनुभएको थियो ।

लगानीसम्मेलनको उद्घाटनका क्रममा 'डाटा सेन्टर' निर्माण तथा सञ्चालनको परियोजनामा सहकार्य गर्ने सम्झौतामा हस्ताक्षर गरेकामा मन्त्री शर्माले नेपालको बिएलसी ग्रुप र भारतको योट्टा डाटा सर्भिसेजलाई धन्यवादसमेत दिनुभयो ।

लगानी सम्मेलनमा 'सोकेस' गरिएकाबाहेक डिजिटल रूपान्तरणका लागि सहयोग हुने अन्य कुनै आवश्यक परियोजना पहिचान गरेर लगानी गर्न सकिने जानकारी दिँदै उहाँले यस कार्यमा सहकार्यका लागि लगानीकर्तालाई उहाँले अनुरोधसमेत गर्नुभयो । "डिजिटल फाउन्डेसनका डिजिटल पूर्वाधारलाई सुरक्षित र अन्तरक्रियात्मक बनाउँदै समग्र प्रणालीप्रतिको विश्वासलाई वृद्धि गरी सुशासन कायम गर्नु सरकारको दायित्व हो", उहाँले भन्नुभयो, "त्यसका लागि प्रविधि र प्रणालीको सुरक्षित तथा जवाफदेही प्रयोग एवं डिजिटल इकोसिस्टम निर्माणलाई प्राथमिकतामा राखिएको छ ।"

नेपालले अनुशरण गरेको सार्वजनिक-निजी साझेदारीलाई प्राथमिकतामा राखेर अन्य देशका सफल प्रयोगबाट समेत लाभ लिनेगरी लगानीका मोडल तय गर्न सकिने मन्त्री शर्माको भनाइ थियो ।रासस

# ठूला आयोजना अगाडि बढाउँदैछौं: ऊर्जामन्त्री बस्नेत



काठमाण्डु । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले ठूला क्षमताका जलविद्युत् आयोजना निर्माण सुरु गर्ने अवस्थामा रहेको बताउनुभएको छ । लगानी सम्मेलनको दोस्रो दिन सोमबार ऊर्जा क्षेत्रका सम्बन्धमा आयोजित छलफलमा उहाँले एक हजार दुई सय मेगावाट क्षमताको बुढीगण्डकी, छ सय ३५ मेगावाट क्षमताको दुधकोशी निर्माणमा जाने अन्तिम तयारीमा रहेको बताउनुभयो ।

उहाँले चार सय १७ मेगावाट क्षमताको नलसिंह गाड, एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरुण पनि निर्माणमा जाने अन्तिम तयारीमा रहेको जानकारी दिनुभयो । मन्त्री बस्नेतले ती आयोजना आन्तरिक रुपमा बिजुलीको सहज आपूर्तिका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको उल्लेख गर्दै निर्यातका लागि समेत योग्य रहेको बताउनुभयो । दर्जनौ जलविद्युत् आयोजना, सौर्य परियोजना पाइपलाइनमा रहेको जानकारी दिँदै मन्त्री बस्नेतले ती आयोजना सम्पन्न भएपछि नेपालको नवीकरणीय ऊर्जा क्षेत्रले नयाँ फड्को मार्ने र दिगो भविष्यका लागि समेत योग्य रहने स्पष्ट पार्नुभयो । ऊर्जा क्षेत्रमा लगानी भित्र्याउनका लागि सरकारले ग्रीन बण्डको अवधारणामा काम गरिरहेको र त्यसमार्फत यस क्षेत्रमा थप लगानी विस्तार गर्ने बताउनुभयो ।

सरकारले सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्यसहित ऊर्जा मार्गचित्र तयार पारेको जानकारी दिँदै त्यसका लागि रु ४६ खर्ब बराबरको लगानी जरुरी रहेको स्पष्ट पार्नुभयो । सरकारले नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली, नौ सय मेगावाट क्षमताको अरुण तेस्रो, सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती र चार सय ५० मेगावाट क्षमताको एसआर-६ परियोजनालाई प्रक्रियामा अगाडि बढाएको जानकारी दिनुभयो ।

सरकारले सन् २०४५ सम्म शुन्य कार्बनको नीति अख्तियार गरेको जानकारी दिँदै अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिबद्धताअनुसार नै काम गर्ने विश्वास दिलाउनुभो । विश्व जलवायु कोष र ग्रीन फण्डमार्फत जलविद्युत् आयोजना र प्रसारण लाइन निर्माण प्रक्रिया अगाडि बढाउन सकिने उहाँको कथन छ । विद्युत् व्यापारका लागि भारततर्फ विभिन्न पाँच वटा उच्च क्षमताका प्रसारण लाइन निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको र सन् २०३५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको जानकारी दिनुभयो ।

मन्त्री बस्नेतले ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा रहेको, बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणमा अगाडि बढेको उल्लेख गर्दै मन्त्री बस्नेतले दुहवी-पूर्णिया र दोदोधारा-बेरेली प्रसारण लाइन निर्माणलाई प्रक्रियामा लैजान लागिएको बताउनुभयो । कार्यक्रममा स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले नेपालको ऊर्जा क्षेत्रमा उत्पादनमा मात्र नभएर प्रसारण र वितरण पूर्वाधारमा पनि लगानीको राम्रो अवसर रहेको बताउनुभयो ।

उहाँले निजी क्षेत्रले प्रसारणलाइन निर्माणमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्ने भन्दै निजी क्षेत्रले आन्तरिक र अन्तरदेशीय प्रसारणलाइन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने पनि बताउनुभयो । उहाँले निजी क्षेत्रले प्रसारणलाइन निर्माण र सञ्चालनको अवसर पाए विद्युतको विश्वसनीयता बढाउँदै चुहावट घटाउन पनि महत्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गर्नुभयो ।

"दक्षिण एसियामा ऊर्जाको माग भएका देशहरुमा क्रसबोर्डर लाइन र ऊर्जा परियोजनाको ठूलो सम्भावना छ । निजी क्षेत्रको सहभागीताले क्रसबोर्डर लाइन निर्माण, विद्युत् निर्यात र प्रविधि हस्तान्तरणलगायतलाई मुर्तरुप दिन सकिन्छ", कार्कीले भन्नुभयो "तर, प्रसारणलाइन निर्माणमा पनि वन तथा वातावरण, जग्गा प्राप्ति र प्रक्रियागत झन्जटहरुसँग जुध्नुपर्ने समस्या छ ।"

अध्यक्ष कार्कीले आन्तरिक तथा अन्तरदेशिय विद्युत् व्यापारमा पनि निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । त्यसका लागि निजी क्षेत्रले पूर्वाधार निर्माण गरेर, बजार अध्ययन, जोखिम अध्ययन, सहलगानी खोजी र पोलीसी लविइङलगायतका काम गरिरहेको उनले जानकारी गराउनुभयो । निजी क्षेत्रले विद्युत् व्यापारका लागि इक्विटी, ऋण, प्रविधि, सञ्चालनलगायतका पार्टनरसिप मोडलमा काम गरिरहेको पनि कार्कीले बताउनुभयो ।

नेपालको स्वच्छ र हरित ऊर्जाको लागि रणनीतिक योजना बनाउँदै यस क्षेत्रको दीगो विकासका लागि पनि निजी क्षेत्रले योजना बनाइरहेको छ । नेपालमा निजी क्षेत्रको लागि विद्युत् उत्पादनमा मात्र नभएर प्रसारण तथा वितरण पूर्वाधार निर्माण, ऊर्जा दक्षता र विद्युत् व्यापारमा निकै ठूलो सम्भावना भएकोले नेपालको ऊर्जा क्षेत्रमा लगानी भित्राउन विदेशी लगानीकर्तालाई कार्कीले आग्रह गर्नुभयो ।

स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्नका लागि सरकारले केही कुरामा ध्यान दिनुपर्ने भन्दै कार्कीले हाम्रो नीतिमा स्थायित्व र स्पष्टता हुनुपर्ने, सरल प्रक्रिया अवलम्बन गर्नुपर्ने, लगानीको सुरक्षा गर्नुपर्ने बताउनुभयो । यस्तै, पूर्वाधार निर्माणमा सहयोग, जोखिम न्यूनीकरणका संयन्त्र, सहज स्वदेश फिर्तीको व्यवस्थालगायतका कुरामा ध्यान दिनुपर्ने पनि अध्यक्ष कार्कीको कथन छ । कार्यक्रममा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्रालयका सहसचिव सागरराज गौतमले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।रासस

# चीन र भारतका बजारमा पहुँच पु-याउने अवसर छ : उद्योग मन्त्री



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालको भौगोलिक अवस्थितिले यहाँ उत्पादित वस्तु तथा सेवा छिमेकी दुई ठूला मुलुक चीन र भारतका बजारसम्म सजिलै पुग्नसक्ने भएकाले नेपालमा लगानी गर्न स्वदेशी तथा विदेशी लगानीकर्तालाई आग्रह गर्नुभएको छ ।

यहाँ आयोजित तेस्रो लगानी सम्मेलनको सत्रमा उहाँले नेपालले ठूला देशको बजारमा सहज पहुँच रहेकाले लगानीको उपयुक्त अवसर रहेको बताउनुभयो । "हामी विश्वका दुई ठूला अर्थतन्त्रका बीचमा छौँ, आन्तरिक बजारको साथै विश्व बजार केन्द्रित रहेर बृहत् लगानी तथा उत्पादन गर्ने अवसर हाम्रोसामु छ," उद्योगमन्त्री भण्डारीले भन्नुभयो, "अर्थतन्त्रको संरचनात्मक परिवर्तन गर्दै प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न औद्योगिक क्षेत्रमा नवीनतम प्रविधिको अवलम्बन, पूर्वाधार निर्माण र दक्ष जनशक्तिको विकासमा विशेष जोड दिनुपर्नेछ ।"

पछिल्लो समय प्रविधिको विकासले उत्पादनको तरिका, स्थान र आपूर्ति प्रणाली परिवर्तन भएको उद्योगमन्त्री भण्डारीको भनाइ छ । बजारको माग र आपूर्तिका शृ८ला परिवर्तन भएको उहाँले बताउनुभयो । "उपभोक्ताको चाहना र सन्तुष्टिको स्तर परिवर्तन हुँदै गएको छ । त्यसकारण हामीले अनुसन्धान र विकासमा लगानी वृद्धि गर्नुपर्ने देखिन्छ", उहाँले भन्नुभयो, "हामीले उद्यमशीलता, उत्पादन र आर्थिक वृद्धिमा केन्द्रित रहेर उद्यमशील, दक्ष र सीपयुक्त जनशक्ति परिचालन गर्नुपर्ने हुन्छ ।"उहाँले औद्योगिकीकरण, रोजगारी सृजना, अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न उत्पादनमूलक क्षेत्रमा नवप्रवर्तन अपरिहार्य रहेको धारणा राख्नुभयो ।

औद्योगिक क्षेत्रको विकास तथा विस्तार गर्न नेपाल सरकारले नीतिगत, कानुनी र प्रक्रियागत सुधार गरेको उहाँले बताउनुभयो । मन्त्री भण्डारीले भन्नुभयो, "औद्योगिक व्यवसाय ऐनमा आयकर भन्सार महसुल लगायतका कर छुटको व्यवस्था छ । नेपाल सरकारले महिला तथा लघु उद्यमीहरूका लागि विशेष सहुलियत, औद्योगिक तथा लगानी प्रवर्द्धन कोष, प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन कोष, एकल विन्दु सेवा केन्द्रलगायतका व्यवस्था कार्यान्वयनमा ल्याएको छ", उहाँले भन्नुभयो, "राजस्व नीतिलाई उत्पादन एवम् लगानीकर्तामैत्री बनाउँदै लगिएको छ । नवप्रवर्तनको प्रवर्द्धन, बौद्धिक सम्पत्तिको विकास र संरक्षण गर्न बौद्धिक सम्पत्तिसम्बन्धी नयाँ कानुन तर्जुमा भइरहेको छ ।"

विदेशी लगानीसम्बन्धी कानुनमा प्रविधि हस्तान्तरणलाई प्रोत्साहन र पूँजी लगानी कोष स्थापना गर्न सक्ने प्रावधानले नवप्रवर्तनमा योगदान पु-याउने उद्योगमन्त्री भण्डारीले विश्वास व्यक्त गर्नुभयो । अनुसन्धान तथा विकासमा लगानी वृद्धि गर्न नेपाल सरकारले चालु आर्थिक वर्षको बजेटमा पूँजीगत खर्चको एक प्रतिशत रकम विनियोजनको सुरुआत गरेको उहाँले बताउनुभयो ।

उद्योगमन्त्री भण्डारीले भन्नुभयो, "सङ्घमा बिजनेस इक्युबेसन केन्द्र स्थापना गरिएको र प्रदेशस्तरमा समेत क्रमशः सो केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ भएको छ । उत्पादनमूलक क्षेत्रमा नवीनतालाई प्रवर्द्धन तथा प्रोत्साहन गर्न स्टार्टअप उद्यम नीति तथा कर्जासम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याइएको छ । नियमनकारी निकायलाई प्रविधियुक्त बनाउँदै दर्ता, नवीकरण, अनुमति र सहुलियत दिनेजस्ता सेवालाई अटोमेसन गर्दै लगिएको छ ।

रासस

# चिनियाँ सुरक्षा मञ्जुरी प्राप्त गरेपछि टेस्ला प्रमुख मस्क बेइजिङबाट प्रस्थान

एएफपी

बेइजिङ। आफ्नो कम्पनीलाई चिनियाँ अधिकारीहरूबाट महत्त्वपूर्ण तथ्याङ्क सुरक्षा मञ्जुरी प्राप्त भएपछि अर्बपति एवं टेस्लाका प्रमुख कार्यकारी (सिइओ) एलन मस्क सोमबार बेइजिङबाट प्रस्थान गर्न एक विमानमा सवार हुनुभएको एएफपीका पत्रकारले बताएका छन्।



एक वर्षभन्दा पनि कम समयमा आफ्नो दोस्रो चीन भ्रमणका क्रममा आइतबार मस्क बेइजिङ पुग्नुभएको थियो। विश्वको सबैभन्दा ठूलो विद्युतीय कार बजार चीनमा आफ्नो कम्पनीको भाग्य बढाउनका लागि काम गर्न उहाँले प्रधानमन्त्री ली कियाङसहित शीर्ष अधिकारीहरूसँग भेट गर्नुभएको थियो। सोही दिन चीनको तथ्याङ्क सुरक्षा आवश्यकतारू पूरा गर्ने टेस्लाको स्थानीयरूपमा उत्पादित मोडेलहरू विद्युतीय सवारीहरूमा सूचीबद्ध भएका छन्। मस्क दिउँसो एक बजे बेइजिङ क्यापिटल विमानस्थलमा आफ्नो निजी जेटमा सवार हुनुभएको थियो।

ब्लुमबर्गका अनुसार अमेरिकी विद्युतीय कार कम्पनी टेस्ला नक्सा र नेभिगेसन सुविधाहरूका लागि टेक टाइटन बाइडुसँग मिलेर चीनमा आफ्नो सहायक ड्राइभिङ प्रविधिको उपयोग गर्नका लागि सरकारको स्वीकृति नजिक पुगेको छ। बिवाइडीजस्ता घरेलु कम्पनीहरूसँग तीव्र प्रतिस्पर्धा गरे पनि टेस्ला चीनमा सबैभन्दा धेरै बिक्री हुने विद्युतीय सवारीमध्ये एक बनेको छ। यद्यपि उसले कडा तथ्याङ्क र गोपनीय कानूनको पालना गर्न आवश्यक 'फुल सेल्फ ड्राइभिङ (एफएसडी)' जस्ता सुविधाहरूका साथ आफ्नो बिक्रीलाई बढाउन कोसिस गरिरहेको छ।

चाइना एसोसिएसन अफ अटोमोबाइल्स मेनुफेक्चरर्स (सिएएएम) ले सन् २०२३ नोभेम्बरदेखि राष्ट्रिय कम्प्युटर सुरक्षा नियामकसँग मिलेर सवारी साधनको व्यक्तिगत जानकारी र कारको बाहिरी मुखाकृतिको रेकर्डिङलगायत कसरी तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने भन्नेबारे परीक्षण गरेको बताएको छ। "तीमध्ये छ कम्पनी (बिवाइडी, ली अटो, लोटस, होजोन अटो, टेस्ला र एनआइओ) का ७६ मोडलले अटोमोटिभ तथ्याङ्क सुरक्षाका चार अनुपालन आवश्यकताहरू पूरा गर्दछन्", सिएएएमले विज्ञप्तिमा भनेको छ।

साङ्घाईको विशाल कारखानामा निर्मित टेस्लाको मोडल३ र मोडल वाइ सूचीमा थियो। कम्पनीको उन्नत सहायक ड्राइभिङ सुविधाले उसका कारहरूलाई पूर्णरूपमा स्वायत्त बनाउँदैन र टेस्लाले उसको अटोपाइलट र एफएसडी क्षमताहरूको प्रयोग ड्राइभरको सुपरीवेक्षणमा प्रयोग गर्नका लागि भएको बताएको छ। कम्पनीले एफएसडी अमेरिकामा आठ हजार डरल वा मासिक ९९ डलरको सदस्यतामा बिक्री गर्दछ।

चीनमा एफएसडी र बाइडुसँग कथित साझेदारीका बारेमा एएफपीले गरेको प्रश्नमा टेस्लाले तत्काल जवाफ दिएको छैन। यसै महिनाको प्रारम्भमा आफ्नो सामाजिक सञ्जाल एक्समा एक प्रश्नको जवाफमा मस्कले चीनमा एफएसडीको उपलब्धता 'चाँडै नै सम्भव हुनसक्ने' बताउनुभएको थियो।

# अफगानिस्तानमा दुई करोड ३७ लाई मानवीय सहायता आवश्यक

एएनआई

काबुल।सन् २०२४ मा अफगानिस्तानमा एक करोड २३ लाख बालबालिकासहित दुई करोड ३७ लाख मानिसलाई मानवीय सहायताको आवश्यकता रहेको संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले जनाएको छ।

युनिसेफका अनुसार अफगानिस्तानमा बालबालिकाका लागि आवश्यक एक अर्ब बालबालिका छन् भने छ हजारभन्दा बढी दादुराका बिरामी महिला छन्। युनिसेफले मानवीय साझेदारहरूलाई अफगानिस्तानमा महिलाहरूको सुरक्षालाई प्राथमिकता दिन आग्रह गरेको छ।

'सेभ द चिल्ड्रेन' ले अफगानिस्तानमा बालबालिकाको अवस्थाबारे चिन्ता व्यक्त गरेको बेला संयुक्त राष्ट्रसङ्घको यस्तो प्रतिवेदन आएको छ। अन्तर्राष्ट्रिय गैरसरकारी



४० करोड डलर सहयोगको ३५ प्रतिशत मात्रै सुरक्षित गर्न सकिएको छ। युनिसेफले मार्चमा देशको मानवीय अवस्थाबारे आफ्नो पछिल्लो प्रतिवेदन सार्वजनिक गरेको थियो।रिपोर्टले अफगानिस्तानमा बढ्दो गरिबीका लागि लामो समयदेखि चलिरहेको द्वन्द्व, जलवायु परिवर्तन, आर्थिक मन्दी र बढ्दो बेरोजगारीलाई श्रेय दिएको खामा प्रेसले जनाएको छ।

सन् २०२४ को सुरुदेखि अहिलेसम्म अफगानिस्तानमा १४ हजार पाँच सय ७० सन्दिग्ध मामिला र दादुराबाट ७१ जनाको मृत्यु भएको रिपोर्टमा उल्लेख गरिएकोछ।युनिसेफका अनुसार बिरामीहरूमध्ये ११ हजारभन्दा बढी पाँच वर्षमुनिका सङ्गठनले पाकिस्तानबाट फर्केका दुई लाख ५० हजार अफगान बालबालिकाले खाना र आश्रयको अभावको सामना गर्नुपरेको जनाएको छ। विश्व खाद्य कार्यक्रमले हरेक महिना ६० लाख मानिसलाई खाना र नगद वितरण गरिरहेको अप्रिल २७ मा बताएको छ।

संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार अफगानिस्तानमा करिब एक करोड ५८ लाख मानिस खाद्य असुरक्षा सङ्कट र आपत्कालीन अवस्थाको मारमा छन्।अफगानिस्तानमा जनताको आधारभूत आवश्यकताहरू पूरा गर्न संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालयले तीन अर्ब ६० करोड अमेरिकी डलरको बजेट मागेको छ।

# पोखरा स्पोर्ट्स अवार्ड : चार विधामा मनोनयन सार्वजनिक




**कास्की**। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले वर्षेनी गर्दै आएको पोखरा स्पोर्ट्स अवार्डको आठौँ संस्करण यही वैशाख २८ गते पोखरा सभागृहमा हुने भएको छ। मञ्चले खेलकुदको क्षेत्रमा क्रियाशील खेलाडी तथा व्यक्तिहरुलाई प्रोत्साहित गर्नका लागि अवार्ड वितरण गर्दै आएको छ। सो समारोहको तयारीका कामअघि बढाइएको मञ्चले जनाएको छ।

मञ्चले सोमबार पत्रकार सम्मेलन गरी स्पोर्टस् अवार्डअन्तर्गत चार विधामा मनोनयन सार्वजनिक गरेको छ। विगत एक वर्षमा खेलकुदमा गरेको प्रदर्शनका आधारमा खेलाडी हरेक विधामा तीन जनाका दरले मनोनयन सार्वजनिक गरिएको हो। यसवर्ष खेलाडी पुरुष विधामा क्रिकेटका अर्जुन कुमाल, टेनिसका प्रदीप खड्का र भलिबलका हिमाल सुनारी मनोनयनमा पर्नुभएको छ।

यसैगरी वर्ष खेलाडी महिलामा आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर रहनुभएको छ। यसैगरी १७ वर्ष मुनिका खेलाडीबीच प्रतिष्पर्धा हुने उदियमान खेलाडी विधामा क्रिकेटकी ज्योत्सनिका मरासिनी, ब्याडमिण्टनकी दिलासा राना र एथलेटिक्सका बादल कार्की मनोनयनमा पर्नुभएको छ। उत्कृष्ट प्रशिक्षक विधामा टेनिसका नीरज थापा, भलिबलका रमेश केसी र क्रिकेटका रिजन प्रजु पर्न सफल भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले बताउनुभयो।

उहाँका अनुसार स्पोर्ट्स अवार्डमा सात विधामा अवार्ड प्रदान गरिनेछ। बाँकी विधाहरु 'लाइफटाइम एचिभमेन्ट अवार्ड', वर्ष उत्कृष्ट खेल सङ्घ वा क्लब र पत्रकारिता अवार्डको घोषणा पछि सार्वजनिक गरिने मञ्चले जनाएको छ। वर्ष खेलाडी पुरुष र महिलाले इलेक्ट्रिक स्कुटर र ट्रफी पुरस्कार पाउनेछन्। लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ। वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लबतर्फका विजेताले जनही नगद रु ३५ हजार सहित ट्रफी पाउने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिनुभयो।

मञ्चले स्पोर्ट्स अवार्डलाई बृहत् बनाउन मञ्चका अध्यक्ष बरालको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेको जनाएको छ। मूल आयोजक समितिको सहसंयोजकमा मञ्च उपाध्यक्ष सुरज श्रेष्ठ रहनुभएको छ। यसैगरी विभिन्न ११ वटा उपसमितिका संयोजक र सह-संयोजकसमेत चयन गरिएको छ। आर्थिक सङ्कलन उपसमितिको संयोजक कविता घर्तीमगर र सह-संयोजक शशीकुमार पौडेललाई जिम्मेवारी दिइएको छ।

प्रचारप्रसार उपसमितिको संयोजकमा मञ्चका महासचिव पौडेल, सहसंयोजकमा विजय नेपाल, अन्तर्राष्ट्रिय समन्वय उपसमितिको संयोजकमा केशव पाठक र सहसंयोजकमा सुदर्शन रञ्जित, स्वागत सत्कार उपसमितिको संयोजकमा एकराज गिरी र सहसंयोजकमा फडिन्द्र अकिञ्चन हुनुहुन्छ।

स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा मानबहादुर घर्ती र सहसंयोजकमा राम गुरुङ, फोटोग्राफी तथा भिडियोग्राफी उपसमितिको संयोजकमा उमेश पुन र सहसंयोजकमा वसन्त शेर्पा, मञ्च व्यवस्थापन समितिको संयोजकमा सन्देश श्रेष्ठ र सहसंयोजकमा धनबहादुर गुरुङ सुमन, सांस्कृतिक कार्यक्रम उपसमितिको संयोजकमा मन क्षेत्री र सहसंयोजकमा सुशील हुनुहुन्छ।

यसैगरी सङ्घ संस्था समन्वय उपसमिति संयोजकमा रोहितराज पराजुली र सहसंयोजकमा कृष्ण दवाडी, मूल्याङ्कन तथा अनुगमन उपसमिति संयोजकमा रामकृष्ण ज्ञवाली र सहसंयोजकमा गणेश बराल (ढाकामोहन), क्विक रेसपोन्स उपसमिति संयोजकमा राजु गिरी र सहसंयोजकमा अर्जुन गाहा सुशान्त रहनुभएको छ।

अवार्ड कार्यक्रमलाई गण्डकी प्रदेश सरकारको, प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषद्ले सघाएका छन्। गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्थाका रुपमा विसं २०५७ मा मञ्चको स्थापना भएको हो। मञ्चमा हाल ७४ जना खेल पत्रकार आबद्ध छन्।रासस

> लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ। वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद सघँसंस्था वा क्लबतर्फका विजेताले जनही नगद रु ३५ हजार सहित ट्रफी पाउने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिनुभयो।

# गर्मीका कारण बङ्गलादेशमा विद्यालय पुनः बन्द

एएफपी

ढाका। बङ्गलादेशको एक अदालतले गर्मीका कारण सोमबार देशभरका विद्यालय बन्द गर्न आदेश दिएको छ। यसअघि अत्यधिक तापक्रमका बावजुद लाखौं बालबालिकालाई सोमबारदेखि विद्यालयमा उपस्थित भई नियमित कक्षा सञ्चालनको वातावरण बनाउन सरकारले आग्रह गरेको थियो।



वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनका कारण तातो हावा चल्दा देशभर शिक्षक, कर्मचारी र विद्यार्थीहरू बिरामी परेका वा मृत्यु भएका खबरहरूपछि विद्यालय बन्द गर्ने निर्णय गरिएको थियो। पछिल्लो एक हप्तामा राजधानी ढाकाको औसत तापक्रम ३० वर्षको औसत तापक्रमभन्दा ४-५ डिग्री सेल्सियस बढी रहेको छ।सरकारले अप्रिलको सुरुदेखि नै अत्यधिक गर्मीका कारण कम्तीमा सात जनाको मृत्यु भएको र बिहीबारसम्म राजधानीको अधिकतम तापक्रम ४० डिग्रीभन्दा माथि रहने अनुमान गरेको छ।

उपमहान्यायाधिवक्ता शेख सैफुज्जमानले एएफपीसँग भन्नुभयो, "उच्च अदालतको दुई न्यायाधीशको संयुक्त इजलाशले 'गर्मीका कारण सबै प्राथमिक र माध्यमिक विद्यालय र मदरसाहरू बन्द गर्ने' आदेश जारी गरेको छ।सैफुज्जमानका अनुसार वकिलहरूले गर्मीका कारण कैयौँ शिक्षकको मृत्यु भएको बताएपछि अदालतले उक्त आदेश जारी गरेको हो।

अदालतले आगामी आइतबारसम्म अनुमानित तीन करोड २० लाख विद्यार्थीका लागि विद्यालय बन्द गर्न निर्देशन दिएको छ।गर्मी कायमै रहेपछि सरकारले अप्रिल २१ देखि एक हप्ताका लागि देशव्यापीरूपमा विद्यालय बन्द गर्ने निर्णय गरेको थियो।ढाकामा आइतबारदेखि कक्षा सुरु भएको थियो र चिन्तित आफन्तहरू आफ्ना छोराछोरीसँगै विद्यालयको गेटमा पुगेका थिए।

स्थानीय फातिमा तुज जोहोरले आइतबार एएफपीसँग भन्नुभयो, "विद्यालयहरू बन्द गर्न गाह्रो छ किनभने बच्चाहरू घरमा पढ्न चाहँदैनन्। तर यो गर्मीमा उनीहरू कसरी विद्यालय आउन सक्छन्?" बङ्गलादेशको मौसम विभागले बिहीबारसम्म तापक्रम नघट्ने जनाएको छ।मौसमविद् मोहम्मद अबुल कलाम मल्लिकले आइतबार एएफपीसँग कुरा गर्दै सन् १९४८ मा रेकर्ड सुरु भएयता बङ्गलादेशमा यति ठूलो गर्मी नदेखिएको बताउनुभयो।

बढ्दो तापक्रमले बङ्गलादेशको लगभग तीन चौथाई भागलाई असर गरिरहेको छ।मल्लिकका अनुसार जलवायु परिवर्तन र तीव्र शहरीकरण, वन फँडानी, पानीका मुहान खुम्चिँदै जानु र वातानुकूलनको बढ्दो प्रयोगजस्ता मानवसिर्जित कारणहरू उष्ण वायुको वर्तमान् समस्याका लागि जिम्मेवार छन्।

## शाही अपमानका कारण प्रमुख थाई कार्यकर्तालाई थप दुई वर्षको कारागार सजाय

एएफपी

बैङ्कक। थाइल्यान्डको एक अदालतले सोमबार मुलुकका प्रमुख प्रजातन्त्र कार्यकर्तामध्येका एकलाई शाही अपमानको आरोपमा थप दुई वर्षको कारागार सजाय सुनाएको छ।

प्रख्यात मानवअधिकार वकिल अर्नोन नम्पाविरुद्ध लगाइएको यो पछिल्लो आरोप हो। उहाँले अहिले १० वर्षभन्दा धेरै कारागार सजायको सामना गर्नुभएको छ। सन् २०२१ मा फेसबुकमा पोस्ट गरिएको तीन सन्देशका लागि जनवरीमा चार वर्षको कारागार सजाय सुनाइएपछि उहाँ हाल कारागारमा हुनुहुन्छ। यसमा उहाँले पहिला नै लेज-मेजेस्टे (शासकको मर्यादा उल्लङ्घन गर्ने अपराध) का लागि चार वर्षको सजाय भोगिरहनुभएको छ।

सरकारले असहमतिलाई दबाउन कठोर कानूनको प्रयोग गरेको र राजा महा वजिरालोङ्गकर्न तथा उहाँका परिवारको रक्षा गर्ने कठोर कानूनअन्तर्गत धेरै मानिसमाथि मुद्दा चलाएको आलोचकहरूले बताएका छन्।

बैङ्ककको आपराधिक अदालतले थाइल्यान्डको शाही मानहानि कानूनमा संशोधनका लागि सन् २०२१ मा ह्यारी पोर्टर-थिम र्यालीमा आह्वान गरेकामा अर्नोनलाई दुई वर्ष २० दिनको कारागार सजाय सुनाइएको थियो। थाई लयर्स फर ह्युमन राइट्सले उहाँलाई लेज-मेजेस्टेको उल्लङ्घन, आपत्कालीन आदेशको अवहेलना र बिनाअनुमति लाउडस्पिकरको प्रयोगसहित चार आरोपमा दोषी पाएको बताएको छ।

# प्रविधिले खाद्य सुरक्षाका लागि उदीयमान अर्थतन्त्रमा कृषिलाई आकार दिन सक्छ

एएनआई

रियाद। विश्व आर्थिक मञ्चले जारी गरेको एक प्रतिवेदनले विश्वव्यापी कृषि प्रणालीलाई आकार दिने र खाद्य सुरक्षामा योगदान पुऱ्याउने उदीयमान प्राविधिक समाधान र रणनीतिलाई प्रकाश गरेको छ।

'एग्रिटेक : सेपिङ एग्रिकल्चर इन इमर्जिङ इकोनमिज, टुडे एन्ड टमुरो' नामक प्रतिवेदनले कृषि क्षेत्रमा चौथो औद्योगिक क्रान्ति प्रविधिको एकीकरणमा अन्तरदृष्टि प्रदान गरेको छ। प्रतिवेदनमा प्रविधि परिवर्तन समावेशी होस् भन्ने उद्देश्यले ठूलो मात्रामा समाधान गर्न र सुनिश्चित गर्नसमेत आह्वान गरिएको छ।

"एग्रिटेकलाई मापन गर्न उदीयमान अर्थतन्त्रहरूले एग्रिटेक इकोसिस्टमका लागि सबै सरोकारद्वारा साझा गरिएको आम दृष्टिकोण बनाउन आवश्यक छ", मञ्चको नेटवर्क तथा साझेदारी प्रमुख सेबास्टियन बकअपले भन्नुभयो, "इकोसिस्टमको विकास भएपछि उद्योगका लागि माग र आपूर्ति पक्षमा रहेको खाडललाई सम्बोधन गर्न महत्त्वपूर्ण हुन्छ, जस्तो कि किसानहरूका लागि एकाइ अर्थशास्त्र वा भौतिक तथा डिजिटल च्यानलहरूको मिश्रणमार्फत विश्वास सिर्जना गरिन्छ।"

.संवर्धित वास्तविकता, मौसम पूर्वानुमानका लागि कृत्रिम बौद्धिकता (एआई), ट्रेसेबिलिटी, स्मार्ट लजिस्टिक समाधान र इन्टरनेट अफ थिङ्स आशाजनक समाधानहरू भएको प्रतिवेदनमा उल्लेख छ। यिनीहरूले सूचना अन्तर कम गर्न र किसानहरूलाई चुनौतीहरू व्यवस्थापन गर्न अझ राम्रोसँग लैजान सक्ने प्रतिवेदनमा भनिएको छ।यी प्रविधिहरूलाई सन् २०५० सम्ममा नौ अर्ब १०



करोड मानिसका लागि थप ७० प्रतिशत खाद्यान्न उब्जाउन र कृषि क्षेत्रलाई रूपान्तरण गर्न महत्त्वपूर्ण मानिएको छ।

जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक प्रकोपको बढ्दो आवृत्ति र माटोको क्षयजस्ता चुनौतीहरूले विश्वव्यापी रूपमा खाद्यान्न उत्पादनमा गम्भीर खतरा उत्पन्न गरेको प्रतिवेदनले औँल्याएको छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न कृषि क्षेत्रका प्रत्येक सरोकारवालाहरू सूचित निर्णय प्रक्रियालाई सहज बनाउन थप जानकार बन्न आवश्यक छ।

"कृषि क्षेत्रमा उदीयमान अर्थतन्त्रहरूले साझा अवरोधको सामना गरिरहेका छन्।

एग्रिटेकमा कृषिसँग किसानलाई जलवायु परिवर्तनलाई राम्रोसँग मार्गनिर्देशित गर्न र पानी, माटो जस्ता बहुमूल्य प्राकृतिक स्रोतमा दबाब कम गर्न सशक्त बनाउन परिवर्तनकारी क्षमताहरू रहेका छन्", पीडब्लुसी भारतका अध्यक्ष सञ्जीव कृष्णनले भन्नुभयो, "यी कदम सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन निहित छन् तर मापनयोग्य मात्र नभई प्रत्येक देशको अद्वितीय सन्दर्भमा पनि अनुकूल छन्।"

# गाजामा सहायताका लागि इजराइली योजनाबारे छलफल

एएनआई

वासिङ्टन। अमेरिकी राष्ट्रपति जो बाइडेन र इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुबीच उत्तरी गाजा क्षेत्रमा मानवीय सहायतामा वृद्धि गर्ने उद्देश्यले थप क्रसिङ खोल्ने इजराइली अभिप्रायबारे टेलिफोन वार्ता भएको छ।



सहायताका लागि उत्तरी गाजामा प्रवेश गर्न अनुमति दिन कर्नी र इरेज क्रसिङहरू इजरायलले गेट ९६ सँगसँगै पूर्णरूपमा खोल्ने तयारी गरेको छ। सम्भावित अनिकाल र डरका बीच गाजामा सहायताको निरन्तर आगमन सुनिश्चित गर्न थप क्रसिङ खोल्न आवश्यक छ। इजरायलले रफाहमा महत्त्वपूर्ण आक्रमणका साथ अगाडि बढेमा यसले विद्यमान मानवीय केन्द्रलाई गाजाको बाँकी भागबाट अलग गर्न सक्ने द टाइम्स अफ इजराइलले रिपोर्ट गरेको छ।

ह्वाइट हाउसको विज्ञप्तिमा दुई नेताले रफाहमा सम्भावित इजराइली आक्रमण बारेमा छलफल हुँदा बाइडेनले आफ्नो स्पष्ट स्थिति दोहोऱ्याउनुभएको जनाइएको छ। अमेरिकाले गाजाको दक्षिणी सहर रफाहमा शरण खोज्ने १० लाखभन्दा बढी प्यालेस्टिनीको पूर्ण सुरक्षाको ग्यारेन्टी गर्न असफल हुने कुनै पनि अपरेसनलाई समर्थन गर्न नसक्ने स्पष्ट पारेको छ।

यसबाहेक टाइम्स अफ इजराइलका अनुसार अमेरिकी अधिकारीहरूले कुनै अपवादबिना रफाहमा भएको महत्त्वपूर्ण अपरेशनको निरन्तर विरोध गरेका छन्। बाइडेनले फोनवार्तामा गाजाको सहायतामा सुधारहरूको सम्बन्धमा मानवीय संस्थाहरूसँगको पूर्ण समन्वयमा यो प्रगति कायम राख्न र बढाउन आवश्यक रहेको कुरामा जोड दिनुभयो। द्वन्द्वको समयमा मानवीय कामदारहरूको सुरक्षाको मुद्दा एक विवादास्पद मुद्दा भएको छ। इजराइली हवाई आक्रमणको परिणामस्वरूप वर्ल्ड सेन्ट्रल किचनका सात कामदारको मृत्यु भयो। त्यसै बेलादेखि इजराइलले द्वन्द्व निवारणका लागि आफ्ना केही संयन्त्रहरू बढाएको छ। फोनवार्तामा बाइडेनले गाजा सहायता वितरणका सुधारहरू स्वीकार गर्दै अमेरिकाले यस सन्दर्भमा तेल अभिवले आफ्नो प्रयासहरू अझ बढाउनुपर्ने स्थिति कायम राखेको द टाइम्स अफ इजराइलले रिपोर्ट गरेको छ।

उहाँहरूबीच गाजामा तत्काल युद्धविरामसँगै बन्धकहरूको रिहाइ सुरक्षित गर्न चलिरहेको वार्ताको पनि समीक्षा भएको छ। "गाजाका जनताका लागि युद्धविराम र राहत सुनिश्चित गर्न हमासले आफ्ना नागरिकहरूलाई यथाशीघ्र रिहा गर्नुपर्ने १७ अन्य मुलुकका नेताहरूसँगको आफ्नो भनाइलाई राष्ट्रपतिले उद्धृत गर्नुभएको छ", विज्ञप्तिमा भनिएको छ। नेतान्याहुसँगको कुराकानीमा राष्ट्रपति बाइडेनले यसै महिनाको प्रारम्भमा इरानको अभूतपूर्व क्षेप्यास्त्र र ड्रोन आक्रमण विरुद्ध सफल रक्षा गरेपछि इजराइलको सुरक्षाका लागि आफ्नो दृढ प्रतिबद्धतालाई पनि दोहोऱ्याउनुभयो।

# स्वदेशी परियोजनामा विदेशी साझेदार

**काठमाण्डु** । काठमाडौँमा आइतबारदेखि सुरूभएको तेस्रो लगानी सम्मेलनमा नेपालले 'लगानीमा साझेदारी' को नीतिअनुसार ठूलो लगानीका मुख्य परियोजना अगाडि बढाउने सोच राखेको छ। त्यसका लागि ठूला परियोजना निर्माणमा स्वदेशी लगानी पर्याप्त नहुने भन्दै नेपालले विदेशी लगानीकर्तालाई ' लगानी साझेदार' बन्न बढी जोड गरिरहेको देखिन्छ।



लगानी बोर्डका अनुसार सम्मेलनको पहिलो दिन दुई हजार एक सय ६३ जनामध्ये छ सय ८० जना विदेशी प्रतिनिधि सहभागी भएका छन् । त्यसमा पनि छिमेकी मुलुक भारतबाट एक सय ८६ र चीनबाट दुई सय ४० जनाको सहभागिता रहेको थियो । ६० देशका प्रतिनिधि एकैथलोमा जम्मा भएको अवसरको सदुपयोग गर्दै नेपालले उहाँहरूलाई ठूला परियोजनामा लगानी साझेदारीका लागि आग्रह गरिरहेको छ। उहाँहरूलाई आश्वस्त पार्न नेपालमा लगानीमैत्री वातावरण रहेको सकारात्मक सन्देश प्रवाहका लागि पनि नेपालले भरमग्दूर प्रयास गरिरहेको छ।

लगानी सम्मेलन उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल बाह्य र आन्तरिक लगानीका लागि उपयुक्त स्थान रहेको भन्दै ढुक्क भएर लगानी गर्न आह्वान गर्नुभएको थियो। उहाँले नेपालले विदेशी लगानीकर्तालाई सबल नियामक ढाँचा, दोहोरो करबाट मुक्ति, बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रतिस्पर्धात्मक व्यावसायिक कर प्रणालीलगायत महत्वपूर्ण व्यवस्थाको सुनिश्चितता प्रदान गरेको बताउनुभएको थियो । त्यस्तै, अर्थमन्त्री वर्षमान पुनले पनि लगानी प्रवर्द्धन र कानुनी सुधारको सन्देशले लगानीकर्तामा सकारात्मक सन्देश प्रभाव भएको विश्वास व्यक्त गर्नुभएको थियो।

लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले सम्मेलनले नेपालमा लगानीको राम्रो वातावरण बनेको सन्देश प्रवाह गरेको दावी गर्नुभयो। "हिजो साँझ प्रधानमन्त्रीसँग विदेशी लगानीकर्ताले भेटवार्तामा पनि विदेशी लगानीकर्ताहरू उत्साहित हुनुका साथै नेपालमा लगानी गर्न इच्छुक देखिनुभएको बुझ्न सकिन्थ्यो त्यसका साथै नेपालमा लगानीको सम्भावना रहेको र यहाँ लगानी गरेर नाफा पनि कमाउन सकिन्छ भन्ने उहाँहरूको बुझाइ पाए", उपाध्यायले भन्नुभयो।

पूर्वअर्थ सचिवसमेत रहनुभएका अर्थविद् रामेश्वर खनाल नेपालले अध्यादेश ल्याएर कानुनी सुधारमा देखाएको तत्परताले विदेशी लगानीकर्तालाई स्वदेशमा लगानीका लागि सहजीकरण गर्न सरकार सम्पूर्णरूपमा तयार छ भन्ने सन्देश प्रवाह भएको बताउनुभयो । यसकार्यले विदेशी लागनीकर्तालाई लगानकिा लागि आकर्षित गर्ने उहाँको भनाइ छ।

"पहिचान भएका मुख्य नीतिगत सुधार गरिसक्यौँ। अरु थप सुधार पनि गर्दै जानेछौँ भन्ने नेपालको सन्देश छ। नेपाल खुला र उदार अर्थतन्त्रमा विश्वास गर्छ भन्ने सन्देश प्रधानमन्त्रीले पनि दिनुभएको छ," खनालले रासससँग भन्नुभयो, "नेपाल सरकारले विदेशी लगानीकर्तालाई लगानीमैत्री वातावरणको सकारात्मक सन्देश दिएर विदेशी लगानी आकर्षित गर्न गरेको प्रयास प्रशंशनीय छ।"

आजसम्म चल्ने सम्मेलनले विगतमा भएका कमजोरी सच्चाएर लगानीमैत्री वातावरण तय गर्ने विश्वास दिलाउन सकेमा स्वदेशी तथा विदेशी लगानीकर्ता नेपालमा लगानी गर्न उत्साहित बनाउने पनि खनालको बुझाइ छ। "सम्मेलनको पहिलो दिनमा नै थप लगानीमैत्री वातावरण तय गर्न सरकारले देखाएको तत्परताले निकै राम्रो सन्देश प्रवाह भएको छ । अब बढिभन्दा बढी विदेशी लगानी, सीप र प्रविधि भित्र्याउन र आवश्यकताको आधारमा परियोजनाको प्राथमिकरण गर्दै अगाडि बढ्नुपर्छ", खनालले भन्नुभयो।

सम्मेलनको उद्घाटन सत्रकै क्रममा पहिलो दिनमै भएका मुख्य दुई वटा सम्झौताले सुरुआतमा नै सम्मेलन फलदायी रहने सन्देश प्रवाह भइसकेको धेरैको बुझाइ छ। पहिलो दिन डाटा सेन्टर निर्माण तथा सञ्चालनमा सहकार्यका लागि बिएलसी ग्रुप नेपाल र योट्टाका डाटा सर्भिसेस् भारतबीच सम्झौता भएको थियो। सो सम्झौतामा बिएलसी ग्रुपका प्रबन्ध निर्देशक मेघा चौधरी र योट्टाका प्रमुख कार्यकारी अधिकृत सुनिल गुप्ताले हस्ताक्षर गर्नुभएको थियो।

त्यस्तै, नेपाल उद्योग वाणिज्य महासङ्घ र नेशनल चेम्बर अफ कमर्स, मलेसियाबीच द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धनका लागि सहकार्य गर्नेसम्बन्धी अर्को सम्झौता भएको थियो।

यो सम्झौतामा भने महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री मलेसियाका अध्यक्ष तान श्री दातो थायन लाइले हस्ताक्षर गर्नुभयो।

गैरआवसीय नेपाली सङ्घ (एनआरएनए) का अभियन्ता कूल आचार्यले सम्मेलनले नेपालमा लगानीको वातावरण राम्रो बन्दैगएको र लगानीको प्रचुरसम्भावना रहेको सन्देश दिएकाले स्वदेशी तथा विदेशी लगानीकर्तामा उत्साह बढाएको बताउनुभयो । "नेपाल लगानीका लागि प्रचुरसम्भावना भएको क्षेत्र हो। जलविद्युत्, पर्यटन, कृषि लगायतका क्षेत्र लगानीका प्रमुख क्षेत्र हुन्," उहाँले भन्नुभयो, "लगानीका लागि थप उपयुक्त वातावरण बनाउनसकेमा गैरआवसीय नेपाली पनि सच्चा विकासको साझेदारी बन्न सक्छन् ।"

यसैगरी नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष भवानी राणाले पनि लगानी सम्मेलनकै पूर्वसन्धामा सरकारले ल्याएको अध्यादेशले लगानीमैत्री वातावरण बन्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो । "सरकारले लगानीमैत्री वातावरण बनाउन रहेक पक्षमा सहजीकरण गर्न तयार छ भन्ने सन्देश प्रवाह भएको छ । यसले हामी स्वदेशी उद्यमीदेखि विदेशी लगानीकर्तालाई समेत उत्साहित बनाएको छ", राणाले भन्नुभयो।

जलविद्युत् उद्यमी तथा इप्पानका पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले त लगानी सम्मेलनले नेपालमा लगानी गर्नका लागि विदेशी लगानीकर्तालाई मात्र नभई स्वदेशी व्यावसायीलाई समेत उत्साहीत बनाएको धारणा राख्नुभयो । सम्मेलनमार्फत विदेशी व्यवसायीले नेपाली व्यावसायीसँग सहकार्यको ढोका खोल्नेमा आफूहरू थप आशावादी बनेको उहाँको भनाइ छ ।सम्मेलनमा आशयपत्र आह्वान गरिएका १९ वटा परियोजनासहित कूल एक सय ५४ परियोजना प्रस्तुत गरिएका छन्। सम्मेलनको पूर्वसन्ध्यामा एक सय ५१ परियोजना प्रस्तुत गर्ने तयारी गरिएकोमा सम्मेलनसम्म आइपुग्दा थप तीन परियोजनाले समेत स्थान पाएका लगानी बोर्डले जनाएको छ।

बोर्डका अनुसार सम्मेलनमा एक हजार चार सय भन्दा बढी व्यक्ति सहभागी हुनुभएको छ । सम्मेलनस्थलमा २३ वटा स्टल (प्रदर्शनी कक्ष) राखिएका छन् भने सहभागी एवम् लगानीकर्ताले ती प्रदर्शनीकक्षमार्फत् विभिन्न परियोजनाका बारेमा विस्तृत जानकारी लिनसक्ने व्यवस्था मिलाइएको छ ।रासस

# सिटिजन्स बैंकद्वारा फातिमा फाउन्डेसन नेपाललाई सिलाई मेसिन प्रदान




**टुडे समाचारदाता**

जनकपुरधाम ।बिगतसत्रवर्ष देखि आम नेपाली सर्वसाधरण ग्प्रहकवर्गहरुको घरदैलोमा सर्वसुलभ बैंकिङ्ग सेवा पुर्याउँदै आएको यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत फातिमा फाउन्डेसन नेपाललाई सहयोग प्रदान गरको छ।

बाँके जिल्लामा अवस्थित फातिमा फाउन्डेसन महिलाले नेतृत्व गरि चलाउँदै आएको एक सामाजिक संस्था हो जसले मुस्लिम, मधेशी र अन्य पिछडिएका बर्गका महिला तथा बालबालिकाहरुको हकहितकालागी काम गर्दै आएको छ।


बैंकले फातिमा फाउन्डेसनमा आवद्द विपन्न पृष्ठभूमिका महिलाहरुलाई स्वरोजगार सृजना गर्ने उद्देश्यका साथ २० वटा सिलाई मेसिन सहयोग स्वरुप वितरण गरेको छ। बैंकले यसकार्यबाट विपन्न समुदायका महिलाहरूमा रोजगारीको अवसर सृजना हुने, आय आर्जन हुनेर उनीहरूको जीवनशैलीको पनि स्तरोन्नति हुने विश्वास लिएको छ।

संस्थामा आयोजित एक समारोहकाबीच बैंकका प्रमुखकार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोग स्वरुप सिलाई मेसिनहरु हस्तान्तरण गरेका हुन्। समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंकको यो सानो पहलले महिलाहरूलाई आत्मनिर्भर बन्न र उनीहरुको जीवनस्तर उकास्न मद्दत गर्ने विश्वास व्यक्त गरे । विपन्न समुदायका महिलाहरूलाई सहयोग प्रदान गर्न पाँउदा आफु हर्षित भएको पनि बताए । बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको र आगामी दिनमा पनि गर्ने योजना रहेको जानकारी गराएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ३० हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदानगर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# च्याउखेतीमा प्रविधिको प्रयोग



**पोखरा** । पोखरा महानगरपालिका-११ मा ध्रुवबहादुर थापाले काहुँ सिस्नेरी एग्रो फर्म सञ्चालन गर्नुभएको केही समय मात्रै भयो। विगतमा खाद्यान्न आपूर्तिको काम गर्ने उहाँले व्यावसायिक च्याउखेतीप्रतिको आकर्षण भने कोरोना कहरको समयदेखि सुरु गर्नुभएको हो।

कोरोनाकालीन समयमा आएको व्यावसायिक च्याउखेतीको सोचलाई व्यवहारमा नै उतार्नुभएका थापाले २०७४ देखि नै त्यसका लागि अध्ययन एवं अन्य प्रक्रियागत काम सुरु गर्नुभएको थियो । उहाँले चिस्यानसहितको आधुनिक प्रविधियुक्त टनेलमा हाल च्याउखेती गरिरहनुभएको छ । यसका लागि चीनबाट सामान ल्याउनुभएको छ । विसं २०७७ फागुनमा निर्माणका काम सकेपछि च्याउखेती थालिएको र चिस्यानसहितको हाइटेक प्रविधिको टनेल तयार गर्न करिब रु ५० लाख खर्च भएको उहाँको भनाइ छ।

थापाले उत्पादन राम्रो हुँदाका अवस्थामा दैनिक करिब पाँच सय किलोग्रामसम्म गोब्रे च्याउ टिप्दै आउनुभएको छ । कन्ये च्याउ सामान्य टहरामा उत्पादन गर्न सकिए पनि गोब्रे च्याउ भने हाइटेक प्रविधि जडित टनेलभित्र नै गर्नुपर्ने उहाँको अनुभव छ । आफूले उत्पादन गरिरहेको च्याउको खपत पोखरामा नै हुने गरेको उहाँले सुनाउनुभयो । टनेलबाट यस याममा तीन हजार किलोग्राम च्याउ उत्पादन भइसकेको जानकारी दिँदै उहाँले थप एक हजार किलोग्राम उत्पादन हुने अनुमान गरिएको बताउनुभयो । उहाँले च्याउ रु दुई सय ७० मा बिक्री गर्दै आउनुभएको छ। खुद्रा बजारमा भने रु तीन सयदेखि तीन सय २५ सम्म च्याउ बिक्री भइरहेको उहाँको भनाइ छ।

थापाको च्याउखेती फर्ममा हाल तीन जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने थप पाँच जनाले आवश्यकताअनुसार रोजगारी पाइरहेका छन्। च्याउ टिप्ने बेलाका समयमा भने १२/१३ जना कर्मचारीलाई प्रतिघण्टाका आधारमा पनि काममा लगाइने उहाँले जानकारी दिनुभयो । महानगरपालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत च्याउ पकेट कार्यक्रमका लागि गत आर्थिक वर्षमा थापासहित तीन जना च्याउ उत्पादक कृषक रकम उपलब्ध गराइएको थियो। जसमा संरचना निर्माण, मल, बीउलगायतका लागि ५० प्रतिशत अनुदानस्वरुप रु १२ लाख उपलब्ध गराएको थियो।

चालु आर्थिक वर्षमा उक्त कार्यक्रमको निरन्तरता दिँदै थापाको काहुँ सिस्नेरी एग्रो फर्मलाई ५० प्रतिशत अनुदानस्वरुप रु छ लाख उपलब्ध गराइएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । च्याउका फाइदा ? बहुपोषणयुक्त च्याउमा ३५ प्रतिशत प्रोटिन पाइन्छ भने क्यालोरी तथा चिल्लो पदार्थको मात्रा कम हुन्छ । यसमा एर्गो थियोनिन भन्ने तत्व हुन्छ जसले चाउरीपना हटाउनुका साथै छालाको सुरक्षा गर्दछ । यसमा एन्टी अक्सिडेन्ट प्रशस्तमात्रामा पाइन्छ । रोग प्रतिरोधात्मक क्षमता हुने च्याउमा भिटामिन डि प्राप्त हुन्छ भने निकै कममात्रामा कार्बोहाइड्रेड हुन्छ। नियमितरुपमा च्याउ खानाले उच्च रक्तचाप, सुगरआदिको नियन्त्रण गर्न मद्दत पुग्दछ भने क्यान्सरको जोखिम कम गर्नुका साथै तौल घटाउन पनि उपयोगी मानिन्छ।

**महानगरको सहयोग**

पोखरा महानगरपालिका कृषि महाशाखाले व्यावसायिक कृषिमा क्रियाशील कृषकलाई केही न केहीरुपमा सहयोग गरिरहेको महाशाखा प्रमुख मनोहर कडरिया बताउनुहुन्छ । पोखरा पर्यटकीय क्षेत्र भएका कारण यहाँ च्याउको खपत राम्रै हुने उहाँको भनाइ छ। च्याउको माग पनि बढ्दो भएकाले यसको विविधीकरण गर्नुपर्छ भन्ने महानगरको सोच रहेको उहाँले बताउनुभयो ।उहाँका अनुसार मूल्यका दृष्टिले सीताके च्याउ सबैभन्दा महंगो पर्छ भने गोब्रे र कन्ये च्याउ त्योभन्दा सस्तोमा पाइन्छ।

किसानले राम्रो मूल्य पाउनुका साथै उपभोक्ताले फरक स्वाद पाउन सकुन् भन्ने सोचका साथ च्याउको विविधीकरणलाई आफूहरूले जोड दिएको उहाँको भनाइ छ।

सुरुमा कन्ये च्याउको उत्पादन राम्रो भएको बताउँदै उहाँले उक्त च्याउ भने प्लाष्टिकका टनेलमासमेत उत्पादन गर्न सकिने जानकारीदिनुभयो।महानगरपालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गतको च्याउ पकेट कार्यक्रमबाट काहुँ सिस्नेरी एग्रो फर्मलाई सहयोग गरेको उहाँले बताउनुभयो ।उहाँका अनुसार महानगरपालिकाले च्याउ उत्पादक कृषकको हितलाई दृष्टिगत गर्दै कन्ये च्याउका लागि रु एक सय ३० र गोब्रे च्याउका लागि दुई सय ६० न्यूनतम समर्थन मूल्य पनि तोकिसकेको छ ।रासस

# उद्योग विभागमार्फत नौ अर्ब १३ करोड बराबर लगानी स्वीकृत

**काठमाण्डु** । तेस्रो लगानी सम्मेलनका क्रममा उद्योग विभागमार्फत विभिन्न चारवटा परियोजनाका लागि नौ अर्ब १३ करोड बराबरको लगानी स्वीकृत भएको छ । उद्योग विभागअन्तर्गतको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाका निर्देशक शङ्कर सिंह धामीले दिनुभएको जानकारीअनुसार भक्तपुरमा लगानी कम्पनी स्थापनाका लागि रु छ अर्ब, काठमाडौँमा व्यवसायिक भवन निर्माणका लागि रु तीन अर्ब, संयुक्त अधिराज्यको एकेलस इनर्जी लिमिटेडको ८५ प्रतिशत र कैलालीको मोहन्याल गाउँपालिकाको १५ प्रतिशत लगानीमा दुई सय किलोवाट क्षमताको जलविद्युत् आयोजना निर्माणका लागि रु सात करोड ६६ लाख र ललितपुर जिल्लामा होटल तथा रेस्टुरेन्ट निर्माणका लागि रु छ करोड २५ लाख बराबर लगानी स्वीकृत भएको छ।

विभागले सोमबार स्वचालित मार्ग (अटोमेटिक रुट) मार्फत विदेशी लगानी स्वीकृति हुने प्रणालीको उद्घाटन गरेको छ । सरकारले स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्ने व्यवस्थाका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को पहिलो संशोधन गरी यही वैशाख ७ गते प्रकाशित भएको राजपत्रअनुसार शत्प्रतिशत शेयर स्वामित्व वा संयुक्त लगानीमा नयाँ कम्पनी संस्थापना गर्न वा विदेशी लगानीमा संस्थापना भई सञ्चालनमा रहेको विदेशी लगानीकर्ताले त्यस्तो कम्पनीमा पूँजी वृद्धिका लागि लगानी गर्न स्वचालित मार्गमार्फत निवेदन दिने तथा स्वीकृत गर्ने व्यवस्था कायम रहेको छ।

तेस्रो लगानी सम्मेलनलाई दृष्टिगत गर्दै उद्योग विभागले स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्नका लागि विद्युतीय प्रणाली तयार गरिसकेको छ। विदेशी लगनीकर्ताले उक्त प्रणालीबाट आजकै मितिबाट आवेदन दिई विदेशी लगानी स्वीकृति गरिएको पत्र इमेलमार्फल आवेदन दिने बित्तिकै प्राप्त गर्न सक्नेछन्भने सोही आधारमा कम्पनी दर्ता गर्न सक्नेछन्। रासस


## Invitation for Electronic Bids

## Ganeshman Charnath Municipality
### Office of the Municipal Executive
### BirendraBazzar, Dhanusha

**Bid Publication date: 2081-01-18**

1. The Ganeshman Charnath municipality, Office of the municipal executive, BirendraBazzar, Dhanusha invites electronic bids from eligible bidders for Procurement of sanitary pad under Sealed Quotation and Procurement of Stationery items under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 071008632790071
   **Rajaswa (revenue) Shirshak no. :** 14229
3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2081-02-02 (for Procurement of sanitary pads) and 12:00 noon on 2081-02-17 (for Procurement of Stationery items). Bids received after this deadline will be rejected.
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2081-02-02 (for Procurement of sanitary pads) and at 14:00 on 2081-02-17 (for Procurement of Stationery items) at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** GaneshmanCharnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900091 (Dharautikhata)

| S. N. | Contract Identificaiton No. | Description of Works | Estimated Cost (Without Vat) | Bid Security | Bid Price | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GCM/SQ/Goods/06/2080-81 | Procurements of Sanitary pads | 1488467.10 | 50000.00 | 1000.00 | |
| 2 | GCM/NCB/Goods/07/2080-81 | Procurements of Stationery Items | 2188071.67 | 65000.00 | 3000.00 | |

**Chief Administrative Officer**

# 'बालविवाह रोक्न सामूहिक प्रयास गर्नुपर्छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । बालविवाह रोक्न सामूहिक प्रयासको खाँचो रहेको सरोकारवालाले बताएका छन् ।

बालविवाह विरुद्धको अवसरमा आयोजित कार्यक्रममा सरोकारवालाहरुले उक्त आवश्यकता माथि जोड दिएका छन् ।

मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्ले वैशाख १७ गतेका दिनलाई बालविवाह विरुद्धको दिवस मनाउन गरेको निर्णयबमोजिम प्रदेशको राजधानीसहित प्रदेशका पालिकामा विभिन्नखालका कार्यक्रमको आयोजना गरी दिवस मनाइएको छ ।

मधेश प्रदेश सरकारको खेलकुद तथा समाजकल्याण मन्त्रालयले बालविवाहविरुद्धको दिवसको अवसरमा जनकपुरधाममा कार्यक्रम आयोजित कार्यक्रममा सहभागीहरुले मधेश प्रदेशमा बालविवाह समाजको साझा समस्या भएकाले अन्त्यका लागि संयुक्त प्रयासमाथि जोड दिए ।



एक तथ्यांक अनुसार मधेश प्रदेशमा १५ वर्षअगावै विवाह गर्नेको संख्या ८.९ प्रतिशत, १८ वर्षअगावै विवाह गर्नेको संख्या २९.३ र १५ देखि १९ वर्ष उमेर समूहमा विवाह गर्नेको संख्या १५.२ प्रतिशत रहेको छ ।

कार्यक्रममा मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याणमन्त्री सुरिता साहले प्रदेश सरकारले बालविवाह अन्त्यका लागि तार्किक कार्य ढाँचासहितको १० वर्षे रणनीतिक योजना तयार गरी कार्यान्वयन प्रक्रिया अघि बढाएको बताए ।

महिला बालबालिका तथा सामाजिक न्याय समिति मधेश प्रदेशका सभापति रुपा यादवले अभिभावकको कमजोरीका कारण बालविवाहका घटना बढ्दैगएको भन्दै अभिभावकले आफ्नो छोराछोरीलाई शिक्षादीक्षा दिनमा कुनै किसिमको कन्जुस्याइँ गर्न नहुने बताए ।

नीति तथा योजना आयोगका सदस्य डा. शिला मिश्रले प्रदेश सरकारले शिक्षालाई प्राथमिकतामा राखेर नीति निर्माण गरिरहेको भन्दै बालबालिकालाई शिक्षित बनाउनेतर्फ सबैले ध्यान दिनुपर्नेमा जोड दिए ।

सुरुंगा नगरपालिकाका नगर प्रमुख गीता चौधरीले आफ्नो नगरपालिकालाई बालविवाह मुक्त नगरपालिका घोषणा गर्नेक्रममा भएका चुनौती बारेमा सहभागीलाई जानकारी गराएकी थिइन् । प्रदेशको आठवटै जिल्लाबाट बालबालिकाको सहभागिता रहेको थियो ।

# संघीयता धरापमा परे प्रचण्ड जेल जाने : सांसद सिंह

टुडे समाचारदाता

वीरगञ्ज । प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले संघीयता धरापमा परे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जेल जाने दाबी गरेका छन् । उनले वर्तमान प्रचण्ड नेतृत्वको सरकार चिनियाँ भन्दा बढी अमेरिकन शक्तिबाट सञ्चालित रहेको आरोप समेत लगए ।

सामाजिक कामको क्रममा वीरगञ्ज पुगेका सांसद सिंहले पत्रकारहरु संगको संक्षिप्त कुराकानीमा संविधानमाथि भइ रहेको षडयन्त्र प्रचण्डलाई जेलमा हाल्ने रणनीति बनि रहेको बताए । प्रचण्डले मुलुकलाई अस्तव्यस्त बनाएको टिप्पणी गर्दै मुलुकमा देखिएको आर्थिक संकटका कारक प्रचण्डनै रहेको दाबी गरे । प्रचण्ड मुलुकमा उदाएपछि मात्रै मुलुकको बर्तमान दुर्दशा भएको टिप्पणी गर्दै उनी आउनु भन्दा



पहिला यहाँ कलकारखाना सञ्चालनमा थियो, आर्थिक गतिविधि हुन्थ्यो तर, अहिले मान्छेलाई विदेश पठाएर रेमिटान्सको भरमा देश चलेको छ परिवर्तनकारी शक्ति आउँछ र यसलाई उखालेर फ्याक्ने दाबी गरे ।

उनले मुलुकमा व्याप्त परिवारबाद, व्यापारीकरण तथा भ्रष्टाचारले मुलुक दिनानुदिन आर्थिक रुपले ओरालो लागेको बताए । नियतवस विदेशी शक्तिहरुको इशारामा नेपालको संविधान माथि प्रहार भइरहेको बताउदै सांसद सिंहले संविधानका मुख्य चारवटै आधारस्तम्भ दलगत भागबण्डामा चलिरहेको आरोप लगाऐ । सविधानको प्रजातान्त्रिक कार्यान्वयन भन्दा पनि मुलुकमा लागु भएको धर्मनिरपेक्षता, गणतन्त्र, संघीयता र समावेशीता माथि प्रहार भइरहेको उनको भनाइ थियो ।

उनले मुलुकबाट एक राजा गए पनि बढदै गएका नव युवराजहरुको कारण मुलुक बिचौलिया र अपराधीकरणको दलदलमा फस्दै गएको बताउदै प्रधानमन्त्रीको सचिवालय समेत विशेषज्ञ भन्दा पनि परिवारवादको कब्जाबाट संचालित भएको अरोप लगाए । उनले भने-'पैसा उठाउन, गैर कानुनी काम गर्नका लागि प्रधानमन्त्री कार्यालयमा छोरी, बुहारी, भाई, भतिजाहरुलाई नियुक्ति गरेर राखिएको छ । यो पनि एउटा संवैधानिक अपराध नै हो ।'

# दुई अर्ब ३५ करोड राजश्व संकलन

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको जलेश्वर भन्सार कार्यालयले नौ महिनामा दुई अर्ब ३५ करोड ९१ लाखभन्दा बढी राजश्व सङ्कलन गरेको छ ।

कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म दुई अर्ब ३५ करोड ९१ लाख २८ हजार सय ४० राजश्व सङ्कलन गरेको बताए ।

सो अवधिमा दुई अर्ब ८० करोड ८४ लाख ७७ हजार आठ सय नौ राजश्व सङ्कलन गर्ने लक्ष्य रहेको थियो । आयात तथा निर्यातमा भएको कमी र विश्वव्यापी आर्थिक आर्थिक मन्दीका कारण राजश्व निर्धारित लक्ष्यभन्दा कम राजश्व सङ्कलन भएको गुप्ताको भनाइ छ । त्यसै गरी भारत सरकारले प्याजलगायत अन्य सामानको आयातमा लगाएको प्रतिबन्धका कारण पनि राजश्व सङ्कलनमा समस्या आएकोसमेत उनले बताए ।

सङ्कलित राजश्वमध्ये पेट्रोलियम पदार्थबाट ५३ दशमलव ९१ प्रतिशत अर्थात् एक अर्ब ३५ करोड, कोइलाबाट आठ दशमलव तीन, आलुबाट चार दशमलव तीन, चामलबाट तीन दशमलव दुई, मिठा (गुड) बाट दुई दशमलव तीन, सेरामिक्स तथा टायलबाट एक दशमलव १४, स्याउबाट शून्य दशमलव ६१, मसालाबाट एक दशमलव ७५, प्याजबाट शून्य दशमलव ४९, धानबाट शून्य दशमलव ५७ तथा अन्य सामानबाट एक दशमलव १४ प्रतिशत राजश्व सङ्कलन भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

त्यसैगरी विभिन्न मितिमा पक्राउ गरिएका सामानहरूको लिलामीबाट दुई करोड ६६ लाख ८८ हजार राजश्व सङ्कलन भएको पनि तथ्याङ्कमा उल्लेख छ । भन्सार विभागले चालु आवमा तीन अर्ब ७३ करोड २३ लाख ६२ हजार छ सय ८७ राजश्व सङ्कलन गर्ने लक्ष्य तोकेको र सो लक्ष्यबमोजिम राजश्व सङ्कलन गर्ने विश्वास रहेको सूचना अधिकारी गुप्ताको भनाइ छ । सो कार्यालयअन्तर्गत रहेका छोटी भन्सार कार्यालयबाट पनि लक्ष्यभन्दा कम राजश्व सङ्कलन भएको छ ।


**गर्मीयाममा लाग्नेसक्ने रोगबाट छुटकारा पाउन:**

- पर्याप्तमात्रामापानीवाझोलिलोपदार्थपिउनेगरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, म:म:, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चिरान मिलमा छापामारी सय क्युफिट काठ बरामद

टुडे समाचारदाता

बारा । बाराको सव डिभिजन वन कार्यालय मधुबनले करैयामाई गाउँपालिका वडा नं.७ मा रहेको पिपरा चिरान मिलमा छापामारी गरी करिब १ सय क्युफिट काठ बरामद गरेको छ ।

बरामद गरिएका काठमा साल जातिका ८ थान, सिसौँका ३ थान, टिक २ थान र साल चिरान १० थान गरी करिब १ सय घनफिट काठ बरामद भएको सव डिभिजन वन कार्यालय मधुबनका बन अधिकृत संजय कुमार चौधरीले जानकारी दिए ।



वन अधिकृत चौधरीको कमाण्डमा जनपद , सशस्त्र प्रहरी र सशस्त्र वन रक्षकसहित पुगेका टोलीले मिल घेराबन्दी गरी खोजतलास गरेको थियो । त्यस क्रममा मिलको छेउछाउमा रहेको बिभिन्न घर, खेत तथा आँगनको अगाडिबाट बेवारिसे अवस्थामा राखिएको काठ बरामद गरेको थियो ।





जनकपुर ९८०१६६९२०७ । जलेश्वर ९८१७११९७९८ । महेन्द्रनगर ०४१-५४००५० । धनुषाधाम ९८०४८६००५८ । यदुकुवा ९८५४०२६०३३ । वर्दिवास ९८०८९९४१६४ । लाहान ९८०१५४२६००
गाईघाट ९८५२८३०२३२ । गोलबजार ९८५२८३२५२८ । मिर्चैया ९८२७७३९००० । सिरहा ९८४२९९७५९७ । फतेपुर ९८०७७४९७६२ । सिन्धुली ०४७-५२०९६६ । कटारी ९८०२७६३०६४ । विरगंज ०५१-५२४८५७
जितपुर ९८०१५९००९० । निजगढ ०५३-५४०२७५ । मलंगवा ०४६-५२०५५३ । कलैया ०५३-५५१४६० । लालबन्दि ०४६-५०१०१५ । बरथवा ०४६-५४०२४४ । गौशाला ९८०१६७२६७०


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८